# अध्याय - एक

# शोध परिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **कक्षा ११ को अनिवार्य नेपाली विषयको पाठ्यपुस्तकमा प्रयुक्त विधाहरूको छनोट तथा स्तरणको अध्ययन** रहेको छ ।

## १.२ शोध प्रयोजन

प्रस्तावित शोधपत्रको प्रयोजन त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, जनता बहुमुखी क्याम्पस इटहरी, नेपाली शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको पाठ्यांश नेपा.शि.५९८ को उद्देश्य पूर्तिसँग सम्बन्धित रहेको छ ।

## १.३ समस्या कथन

प्रस्तुत शोधपत्र विशेष गरी निम्नलिखित समस्यामा केन्द्रित भई तयार गरिएको छ :

क) **'सबैको नेपाली'** पाठ्यपुस्तकमा पाठ्यक्रमले तोकेअनुरूप सबै विधाहरूलाई छनोट तथा स्तरणका आधारमा समेटिएको छ, छैन ?

ख) पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्ध के कस्तो छ ?

ग) छनोट र स्तरणको सन्तुलन छ, छैन ?

## १.४ अध्ययनका उद्देश्यहरू

यस शोधकार्यमा उल्लिखित समस्याकथनका आधारमा निम्नलिखित बुँदालाई मुख्य उद्देश्यका रूपमा लिइएको छ ।

क) सबैको नेपाली पाठ्यपुस्तकमा पाठ्यक्रमले तोकेअनुरूप सबै विधाहरूलाई छनोट तथा स्तरणका आधारमा समेटिएको छ, छैन पत्ता लागाउनु,

ख) पाठ्यक्रम र भाषा पाठ्यपुस्तकको सम्बन्ध के कस्तो छ, अध्ययन गर्नु,

ग) छनोट र स्तरणको सन्तुलन छ, छैन पत्ता लगाउनु ।

## १.५ पूर्वकार्यको समीक्षा

कुनै पनि कार्य सुरु गर्नुपूर्व त्यस सम्बन्धमा यस अघि के कस्ता कार्यहरू भए गरेका छन् भनेर अध्ययन गर्नुपर्ने हुन्छ । कक्षा ११ को अनिवार्य नेपाली विषयको पाठ्यपुस्तकमा समावेश गरिएका विधाहरूको छनोट तथा स्तरण सम्बन्धी अध्ययन गर्दा त्यससँग सम्बन्धित के-कस्ता अध्ययन भएका छन् भनी हेर्नुपर्ने हुन्छ ।

अध्ययन तथा अनुसन्धानका क्रममा पाठ्यपुस्तकमा समावेश भएका विधाहरूको छनोट तथा स्तरणसम्बन्धी अध्ययन निकै कम मात्रामा भएको पाइन्छ । तर विभिन्न प्रयोजनका निम्ति विभिन्न समयमा यस क्षेत्रसँग धेरथोर सम्बन्धित शोधकार्य सम्पन्न गरिएका छन् । त्यसैगरी छनोट तथा स्तरणसम्बन्धी पाठ्यपुस्तकहरूमा पनि व्याख्या विवेचना गरिएको पाइन्छ ।

हेमाङ्गराज अधिकारीद्वारा लिखित **नेपाली भाषा शिक्षण** (२०६५) मा स्तरण तथा क्रमबद्धताका बारेमा चर्चा गरिएको छ । यसमा कुन पहिले सिकाउने र कुन पछि अथवा कुन क्रमले पाठ्यपुस्तकको शिक्षण गर्दै लैजाँदा शिक्षार्थीहरू प्रभावकारी ढङ्गले सिक्न सक्छन् र शिक्षार्थीको क्षमताअनुसार पठित कुराको आवृत्तिका साथै पाठ्यवस्तुहरूलाई कसरी विस्तार गर्दै र गहिराई दिँदै लैजानु पर्छ आदि प्रश्न भाषा शिक्षणका लागि आधारभूत र चुनौतीपूर्ण रहेका छन् । पाठ्य स्तुको छनोटमा ज्ञातबाट अज्ञाततिर, सरलबाट जटिलतिर तथा विशिष्टबाट सामान्यतिर जाने क्रमको ख्याल गरिएको हुनु पर्ने कुरालाई जोड दिइएको पाइन्छ ।

नेत्रप्रसाद पौडेलद्वारा लिखित **नेपाली भाषा शिक्षण** (२०६८) मा भाषा पाठ्यवस्तु स्तरणको आवश्यकता भन्ने शीर्षकमा पाठ्यवस्तु स्तरणको आवश्यकता, उपयोगिता र महत्त्वलाई बुँदागत रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

शिव बहादुर पाण्डे (२०५४) द्वारा **कक्षा दसको नेपाली पाठ्यपुस्तकको विश्लेषणात्मक अध्ययन** शीर्षकमा शोधकार्य पूरा गरिएको पाइन्छ । भाषा पाठ्यक्रम र पाठ्यपुस्तकको सामान्य जानकारी दिई असल भाषा पाठ्यपुस्तकमा के कस्ता रूपहरू अवलम्बन गरिएको हुन्छ, साथै पाठ्यक्रममा देखिएका कमी कमजोरीहरू पत्ता लगाई सुधारका लागि सुझाव पनि दिइएको पाइन्छ ।

आनन्दा खत्री (२०६२) द्वारा **कक्षा आठको हाम्रो नेपाली किताबमा समाविष्ट कथाहरूको विश्लेषणात्मक अध्ययन** शीर्षकमा शोधकार्य पूरा गरिएको पाइन्छ । पाठ्यक्रम र पाठ्यपुस्तक एक अर्काका पूरक भएकाले पाठ्यक्रमको उद्देश्य अनुरूप पाठ्यपुस्तक निर्माण हुनुपर्छ । बालबालिकाका रुचि तथा क्षमताका आधारमा पाठ्यपुस्तकमा प्रयुक्त विधाहरूको छनोट गरिन्छ । यस अध्ययनबाट कथा विधाको छनोट र स्तरणमा देखिएको असन्तुलनलाई केलाइएको पाइन्छ ।

सूर्यप्रसाद काफ्ले (२०६५), **कक्षा १० को नेपाली (२०६४) पाठ्यपुस्तकमा समाविष्ट व्याकरणको अध्ययन** विषयक शोधकार्य गरेको पाइयो । शोधार्थीले शोधकार्यको उद्देश्यमा छनोट र स्तरणका दृष्टिले पाठ्यक्रम पाठ्यपुस्तकमा प्रयुक्त व्याकरणको विश्लेषणात्मक अध्ययन, पाठअनुरूपताको अध्ययन गरेको पाइन्छ ।

लक्ष्मी रेग्मी (२०६९) ले **सबैको नेपाली पाठ्यपुस्तकमा समाविष्ट व्याकरण खण्डको अध्ययन** शीर्षकमा शोधकार्य गरेको पाइयो । वर्तमान उच्च माध्यमिक विद्यालय नेपाली भाषा पाठ्यक्रमले तोके बमोजिमको व्याकरणिक पाठ्यवस्तु पाठ्यपुस्तकमा समावेश भए नभएको निर्क्योल गर्ने, वर्तमान पाठ्यपुस्तकमा राखिएका व्याकरणात्मक विषयवस्तुको छनोट, पाठ्यपुस्तकमा भएका पाठहरू र त्यसअन्तर्गत राखिएका व्याकरणात्मक कुराहरूको सम्बन्ध पहिचान गरिएको पाइन्छ । उक्त शोधपत्रमा पाठ्यक्रमले निर्धारण गरेअनुसारका व्याकरणिक विधाहरूका सबल पक्षलाई केलाउने काम गरिएको पाइन्छ ।

कक्षा ११ को अनिवार्य नेपाली विषयको नयाँ पाठ्यक्रम अनुसारको पाठ्यपुस्तक प्रकाशित भएको हुनाले यस पाठ्यपुस्तकमा प्रयुक्त विधाहरूको छनोट र स्तरणका सम्बन्धमा अध्ययन तथा अनुसन्धान भएको पाइँदैन । तसर्थ यस क्षेत्रमा गरिएको यो अध्ययन नै प्रारम्भिक अध्ययन हुनेछ ।

## १.६ अध्ययनको औचित्य, महत्त्व र उपयोगिता

पाठ्यक्रमको उद्देश्यलाई पूरा गर्न पाठ्यपुस्तकमा राखिएका विधाहरू महत्त्वपूर्ण हुन्छन् । पाठ्यक्रम र पाठ्यपुस्तक एक अर्काका पूरक भएकाले पाठ्यक्रमको उद्देश्य अनुरूप पाठ्यपुस्तक निर्माण हुनुपर्दछ । तसर्थ पाठ्यपुस्तकका माध्यमबाट पाठ्यक्रममा अपेक्षित उद्देश्यपूर्ति गर्न पाठ्यक्रम र पाठ्यपुस्तकबीच एकरूपता हुनु पर्दछ । पाठ्यपुस्तक उपयोगी बनाउन स्तरअनुसार बालबालिकाका रुचि तथा क्षमताका आधारमा पाठ्यपुस्तकमा प्रयुक्त

विधाहरूको छनोट तथा स्तरण गरिन्छ । यस अध्ययनबाट कक्षा ११ को अनिवार्य नेपाली विषयको **सबैको नेपाली** पाठ्यपुस्तकमा प्रयुक्त विधाहरूको छनोट तथा स्तरणमा देखिएका सबल तथा दुर्बल पक्षको उद्घाटन हुनसक्छ । पाठ्यपुस्तकमा के कस्ता विधाहरू समावेश हुँदा कक्षाका विद्यार्थीको स्तरअनुसार र रुचिपूर्ण हुन्छ भन्ने कुराको सुझ पनि यस अध्ययनबाट हुने विश्वास गरिन्छ ।

यो पाठ्यपुस्तक नयाँ पाठ्यक्रम अनुसारको भएको हुनाले **सबैको नेपाली** पाठ्यपुस्तकमा प्रयुक्त विधाहरूको छनोट तथा स्तरण सन्तुलनसम्बन्धी पाठ्यक्रम अनुरूपका पक्षमा हलचल हुनसक्छ । तर पनि प्रयुक्त विधाहरू यस तहका निम्ति कति उपयोगी छन् भन्ने कुराको विश्लेषणात्मक अध्ययन गरिएको छ । यो अनुसन्धान विद्यार्थी, शिक्षक, पाठ्यपुस्तक लेखक, समालोचक र अध्ययन अनुसन्धान कर्ताका निम्ति उपयोगी हुनेछ ।

## १.७ अध्ययनका सीमाहरू

प्रस्तुत अध्ययन उ.मा.शि.प. अन्तर्गत कक्षा ११ को अनिवार्य नेपाली विषयका लागि निर्धारित **सबैको नेपाली** पाठ्यपुस्तकमा प्रयुक्त विधाहरूको छनोट तथा स्तरणको सन्तुलनसम्बन्धी अध्ययनमा सीमित गरिएको छ ।

## १.८ शोधविधि

यस शोधपत्रका लागि निम्न अध्ययन विधिको प्रयोग गरिएको छ :

क) प्राथमिक स्रोत : कक्षा ११ को **सबैको नेपाली** पाठ्यपुस्तकमा समावेश गरिएका सबै विधाहरू लिइएको छ ।

ख) द्वितीयक स्रोतः पाठ्यक्रम र पाठ्यपुस्तकका बारेमा लेखिएका सामग्री, गुरु वर्ग र अग्रजहरूका सुझाव र सल्लाहहरूलाई लिइएको छ ।

अध्ययनको प्रकृति अनुसार पुस्तकालयको अध्ययन गरी सामग्री सङ्कलन तथा विश्लेषण गरिएको छ । यस्तो विश्लेषणात्मक पद्धतिको प्रयोग गर्ने क्रममा विविध तथ्यहरूको पुष्टिका लागि साङ्खिकीय पद्धतिको पनि प्रयोग गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

शोधकार्यको सुव्यवस्थित, वैज्ञानिक र अन्वेषणात्मक मूल्याङ्कनका लागि यस शोधपत्रलाई विभिन्न, अध्याय, शीर्षक, उपशीर्षकहरूमा बाँडिएको छ :

| | | |
|---|---|---|
| अध्याय एक | : | शोधको परिचय |
| अध्याय दुई | : | सैद्धान्तिक परिचय |
| अध्याय तीन | : | कक्षा ११ को अनिवार्य नेपाली भाषा पाठ्यक्रमको उद्देश्य |
| अध्याय चार | : | छनोट तथा स्तरणका आधारमा प्रयुक्त विधाहरूको समीक्षा |
| अध्याय पाँच | : | निष्कर्ष तथा सुझावहरू |
| | | सन्दर्भसूची |

# अध्याय : दुई

# सैद्धान्तिक परिचय

## २.१ छनोटको सैद्धान्तिक परिचय

### २.१.१ पाठ्यवस्तुको परिचय

विद्यार्थीहरूले पढेर सिक्नुपर्ने कुरा अथवा कार्यकलापहरूमा सहभागी भएर हासिल गर्नु पर्ने बोध अभिव्यक्तिगत सीप स्रोत नै पाठ्यवस्तु हो (पौडेल, २०६७ : १५०) । कुनै पनि विषयवस्तुको कुन पक्ष के कति सिकाउने भनी छनोट गरिएको अंशलाई नै पाठ्यवस्तु भनिन्छ । भाषापाठ्यवस्तुको केन्द्रीय भाग भनेको पनि त्यसमा समाविष्ट पाठ्यवस्तु हुन् । पाठ्यवस्तुले पाठ्यक्रमका विशिष्ट उद्देश्यहरूलाई समेत ख्याल गरेको हुनुपर्दछ ।

पाठ्यवस्तु विद्यार्थीहरूका पूर्व शैक्षणिक अनुभव र भाषिक अनुभवलाई आधार बनाएर अघि बढ्नु पर्दछ । पाठ्यवस्तु विद्यार्थीको उमेर, तह, रुचि र आवश्यकता अनुरूप हुनुपर्दछ । कुनै पनि कथा विधा र यसका विषयवस्तु अन्तर्गतका पाठ्यवस्तुहरू विभिन्न हुन सक्छन् । जस्तै : श्रुतिबोध, श्रुतिलेख, सस्वरपठन, मौनपठन, प्रश्नोत्तर, शब्दवर्ग पहिचान, व्याख्या आदि ।

### २.१.२ पाठ्यवस्तु छनोटको परिचय

कुन विधा अन्तर्गत कुन-कुन पाठ्यवस्तु राख्ने भनेर छान्ने काम नै पाठ्यवस्तु छनोट हो । विद्यार्थीहरूले अध्ययन गर्नुपर्ने अपार विषयवस्तुबाट उनीहरूको स्तर अनुसार शिक्षण गरिने पाठ्यांश छुट्याउने काम नै पाठ्यवस्तु छनोट हो ।

भाषा पाठ्यपुस्तकमा भाषा साहित्य ज्ञान विज्ञानका सबै क्षेत्र र शाखाका समस्त कुराहरू समेटिएका हुन्छन् । भाषिक र भाषेत्रर क्षेत्रमा दिनानुदिन वृद्धि भइरहेको ज्ञानसँग शिक्षार्थीहरू परिचित हुनु आवश्यक छ तर ती कुरा सीमित समय, साधन र स्रोतबाट प्राप्त नहुने हुनाले पाठ्यवस्तुको छनोट गर्नु आवश्यक परेको ठानिन्छ (ढकाल, २०६७ : ५९) ।

उद्देश्यअनुसारका शिक्षण सिकाइ कार्यमा अनुकूल हुनेगरी समयको निर्धारण विद्यार्थीको तह तथा स्तर अनुसार सम्बन्धित हुने गरी शिक्षणका विधिहरूमा परिवर्तन गरेर

भाषाका आधारभूत पक्षहरूको अभ्यास गर्न गराउन उपयुक्त हुने गरी विभिन्न मूल्याङ्कन प्रक्रियाका माध्यमले शिक्षण सिकाइ क्रियाकलाप र समग्र पाठ्यक्रमलाई नै पृष्ठपोषण प्रदान गर्न मिल्ने खालका पाठ्यवस्तुहरू चयन गर्नुलाई नै भाषापाठ्यवस्तु छनोट भनिन्छ (कोइराला र बन्धु, २०६७ : ६३) ।

भाषापाठ्यपुस्तकमा भाषिक विषयवस्तु वा पाठ्यवस्तुहरूलाई विभिन्न विधामा परिणत गरेर समावेश गर्नुपर्ने हुन्छ । त्यसैले के कस्ता पाठ्यवस्तुहरूलाई के कस्ता विधा उपविधाहरूमा परिणत गरेर प्रस्तुत गर्ने भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । विभिन्न विधा उपविधाहरूलाई सरलदेखि जटिलताको क्रममा पाठ्यवस्तु प्रस्तुतिको आधार बनाउने योजना बनाइनु पर्दछ (पौडेल, २०६९ : २५९) ।

यसरी सिकारुको तह कक्षा, उमेर, रुचि, भाषिक पृष्ठभूमि, भाषाशिक्षणको प्रयोजन र पाठ्यक्रमको उद्देश्यमा केन्द्रित भई भाषाका तह, सन्दर्भ, शैली आदिलाई प्राथमिकताका आधारमा व्यवस्थित रूपमा छान्ने वा रोज्ने कार्य नै छनोट हो । सम्बन्धित भाषाका जानकार व्यक्ति वा विद्वान पनि सो भाषाका सम्पूर्ण पक्षमा विज्ञ हुन सक्दैनन् भने भाषा सिकारुलाई भाषाशिक्षण स्वभावैले गाह्रो हुन्छ । यस्तो अवस्थामा उसलाई के कस्ता विधाहरू उपयोगी, सार्थक र प्रभावकारी हुन्छन् भन्ने कुरा छनोट गर्न सकिएन भने सिकाइ अन्योलग्रस्त, बोझिलो र निरस हुन्छ । तसर्थ भाषा पाठ्यक्रमको उद्देश्य सिकारुको स्तर, समयावधि, पाठ्यक्रमको प्रकृति आदिमा केन्द्रित रही विधाहरूको छनोट गर्नुपर्ने हुन्छ ।

### २.१.३ छनोटको महत्त्व र आवश्यकता

भाषापाठ्यपुस्तकमा भाषा कुन रूपमा (पहिलो, दोस्रो, राष्ट्र र विदेशी) शिक्षण गराइने हो त्यही आधारमा पाठ्यवस्तुहरूको छनोट गर्नुपर्ने हुन्छ । यसरी शिक्षणलाई विद्यार्थीहरूको आवश्यकता अनुसार योजनाबद्ध ढङ्गले अगाडि बढाउनका लागि पनि पाठ्यवस्तु छनोटको आवश्यकता टड्कारो रूपमा रहेको पाइन्छ (पौडेल, २०६८ : ६४) ।

पाठ्यवस्तु छनोटको आवश्यकतालाई निम्नानुसार बुँदागत रूपमा प्रस्तुत गर्न सकिन्छ :

- भाषाशिक्षणलाई विद्यार्थीहरूको रुचि, क्षमता, स्तर र आवश्यकता अनुसार उपलब्धिमूलक बनाउन,

– निर्धारित भाषिक उद्देश्यहरूका अपेक्षाहरूलाई विधिसम्मत ढङ्गले पूरा गर्ने खालका पाठ्यसामग्री तयार पार्न,
– विभिन्न रूपका भाषाशिक्षणलाई उपयुक्त वा प्रभावकारी वातावरण सिर्जना गर्न,
– एकभाषिक, द्विभाषिक र बहुभाषिक परिवेशका लागि उपयुक्त व्यवहारिक र जीवन उपयोगी सामग्री निर्माण गर्न,
– विभिन्न स्तरका सिकारुका लागि भाषाका खास पक्ष सन्दर्भ र शैलीगत प्राथमिकता निर्धारण गर्न,
– दैनिक प्रयोगमा नआउने भाषिक पक्ष सिकाएर समय खेर नफाल्न,
– सिकारुको मनोविज्ञान बुझेर सोही अनुसारका विधाहरू छान्न,
– भाषाको प्रयोगगत पृथकतालाई मध्यनजर गरी सिकाइ योजनाबद्ध, क्रमबद्ध र सान्दर्भिक बनाउन,
– शब्दभण्डारको नियन्त्रण गर्न,
– वाक्यरचनाको नियन्त्रण गर्न र
– भाषिक प्रकार्यको नियन्त्रण गर्न आदि ।

## २.१.४ भाषापाठ्यवस्तु छनोटका प्रभावकहरू

भाषापाठ्यवस्तु छनोट गर्दा जुन उद्देश्य राखिएको हुन्छ, त्यस उद्देश्यलाई प्रभावित तुल्याउने कार्यलाई पाठ्यवस्तु छनोटका प्रभावक भनिन्छ । पाठ्यवस्तु छनोट उद्देश्यमूलक, विश्वसनीय र आधिकारिक बनाउने कामलाई प्रभावित पार्ने कुराहरू नै प्रभावक हुन् भनिएको पाइन्छ (कोइराला र वन्धु, २०६७ : ६४) ।

भाषिक पाठ्यवस्तुहरूको छनोटमा मूलतः दुई प्रकारका प्रभावकहरू रहेका छन् : बाह्य प्रभावक र आन्तरिक प्रभावक ।

### २.१.४.१ बाह्य प्रभावकहरू

पाठ्यवस्तु छनोटलाई भाषेत्तर कोणबाट प्रभावित पार्ने कुराहरूलाई बाह्य प्रभावक भनिन्छ । यसले कुन विधा, कस्तो, कति छनोट गर्ने भन्ने महत्त्वपूर्ण सोच र सीमा प्रदान गर्दछ । यस्ता प्रभावकहरू निम्नानुसार रहेका छन् :

### २.१.४.१.१ प्रयोजन वा उद्देश्य

कुनै पनि विधाको छनोट गर्दा सर्वप्रथम कुन तह वा स्तरका लागि हो स्पष्ट हुनुपर्दछ । छनोटको प्रमुख स्तम्भ नै उद्देश्य भएकाले तह वा स्तर अनुकूलका विधाहरूको छनोट हुनु बान्छनीय देखिन्छ । पाठ्यक्रमले भाषा शिक्षणका माध्यमबाट के-कस्ता भाषिक उद्देश्यहरू पूरा गर्ने लक्ष्य राखेको छ त्यसलाई राम्रोसँग बुझेर मात्र पाठ्यवस्तुको छनोट गर्ने कार्य सम्पन्न गर्नु पर्दछ । पाठ्यक्रमका उद्देश्यहरूको अपेक्षा एकातिर र पाठ्यवस्तु छनोट प्रक्रिया अर्कातिर भयो भने लक्षित परिणाम प्राप्त गर्न सकिँदैन । त्यसैले पाठ्यक्रमको मूल प्रयोजन (उद्देश्य) कुन पक्षसँग सम्बन्धित छ त्यसै पक्षसँग सम्बद्ध भएर विधाहरूको छनोट गर्नुपर्ने हुन्छ । पाठ्यवस्तुको छनोट पनि खास तहमा राखिएको भाषा शिक्षणका प्रयोजन वा उद्देश्यहरूबाट नै निर्देशित हुन्छन् (गौतम, २०६१ : १३७) । भाषाशिक्षणका प्रयोजनहरू निम्नानुसार हुने देखिन्छ :

- सामान्य तथा विशिष्ट उद्देश्य (प्रयोजन)
- बोध तथा अभिव्यक्ति प्रयोजन
- कथा तथा लेख्य प्रयोजन
- व्याकरण तथा शब्दभण्डार प्रयोजन
- शैली प्रयोजन
- सिर्जनात्मक प्रयोजन
- लयात्मक प्रयोजन
- द्रुतपठनको प्रयोजन
- गहन पठनको प्रयोजन
- तार्किक प्रयोजन आदि ।

### २.१.४.१.२ तह वा स्तर

सिकारुको तह र स्तर पाठ्यवस्तुको छनोटको मुख्य आधार स्तम्भ मानिएको पाइन्छ । कुन तह र स्तरका विद्यार्थीहरूका निम्ति पाठ्यवस्तु तयार पार्ने हो भन्ने कुरा पाठ्यक्रम निर्माणका क्रममा पाठ्यक्रम निर्माता सचेत हुनु आवश्यक छ । वास्तवमा खास तह र स्तरका लागि खास-खास किसिमका पाठ्यवस्तु मात्र उपयोगी हुने र तह एवम् स्तर

नमिलेका पाठ्यवस्तु शिक्षणीय बन्न सक्दैनन् । प्रारम्भिक कक्षादेखि उच्च कक्षासम्मका कुनै पनि विषयका सबै पाठ्यवस्तुहरू उत्तिकै महत्त्वपूर्ण हुँदैनन् । अझ प्रारम्भिक कक्षाको कुनै विषयका निम्ति छनोट भएका पाठ्यवस्तुहरू माध्यमिक वा उच्च माध्यमिक तहका सोही विषयका कक्षाहरूमा विद्यार्थीहरूको तह र स्तरका आधारमा महत्त्वपूर्ण नहुन सक्छन् । त्यसकारण प्रारम्भिक तहका लागि आधारभूत ढङ्गका पाठ्यवस्तुहरू माध्यमिक तहका निम्ति प्रारम्भिक तहका भन्दा स्तरीय पाठ्यवस्तुहरू र उच्च तका लागि सोही अनुरूप अझ स्तरीय पाठ्यवस्तुको छनोट गर्नुपर्ने हुन्छ । यसरी तह र स्तर अनुसार पाठ्यवस्तुको निर्माण गर्नुपर्ने देखिन्छ (पौडेल, २०६७ : ४८) ।

### २.१.४.१.३ समयावधि

समयावधि पनि पाठ्यवस्तु छनोटको महत्त्वपूर्ण पक्षका रूपमा रहेको पाइन्छ । पाठ्यवस्तुहरू छनोट गर्ने क्रममा कुनै खास समयमा विद्यार्थीले पढेर वा जानेर सक्ने अर्थात् कुनै तोकिएको समयमा शिक्षण गर्न सकिने गरी विधाहरूको छनोट गर्नु पर्दछ । छोटो समयमा धेरै सिकाउन चाहेमा शिक्षण गहिराइमा पुग्न नसक्ने हुन्छ । त्यस्तो सतही सिकाइले सिकारुहरू अल्मलिने हुनाले विधाहरूको छनोट गर्दा समयको ख्याल गरेर मात्र गर्नुपर्दछ ।

### २.१.४.१.४ विद्यालयको प्रकृति

विद्यालय वा विश्वविद्यालयहरू आ-आफ्नै प्रकृतिका हुने भएकाले पाठ्यवस्तु छनोटमा यी दुवै तहका लागि एउटै पाठ्यवस्तुको छनोट गर्नु उपयुक्त हुँदैन । जस्तै : कृषि क्षेत्रसँग सम्बन्धित क्याम्पसहरूका लागि छनोट गरिएका पाठ्यवस्तुमा सो क्षेत्रसँग नै सम्बन्धित प्राविधिक तथा पारिभाषिक शब्दहरू छानेर गर्नु राम्रो मानिन्छ । यसरी के-कस्ता विद्यालयवा महाविद्यालयमा के-कस्तो अपेक्षा पूरा गर्ने उद्देश्य र कुन तह र स्तरका विद्यार्थीहरूका निम्ति कुन विषयसँग सम्बन्धित पाठ्यवस्तु छनोटको आवश्यकता परेको हो भन्ने कुरामा पाठ्यक्रम निर्माता सचेत हुनुपर्दछ (पौडेल, २०६८ : ६९) ।

विद्यालयको शैक्षिक वा भौतिक पक्षको आधारमा पनि विधाहरूको चयन गर्नुपर्ने हुन्छ । जस्तै : नेपालमा कम्प्युटर, ओ.एच.पी. जस्ता सामग्रीहरूको प्रयोगबाट शिक्षण गर्नेगरी पाठ्यवस्तु र विधाहरू छनोट गरियो भने सो असफल हुन सक्छ ।

### २.१.४.१.५ पाठ्यक्रमको प्रकृति

पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्यहरू परिपूर्ति गर्ने साधन पाठ्यवस्तुहरू हुन् । त्यसैले पाठ्यवस्तु छनोट गर्दा पाठ्यक्रमको प्रकृतिलाई बुझेर मात्र गर्नु उपयुक्त हुन्छ । सामान्य उद्देश्य पूरा गर्न छनोट गरिने परिचयात्मक पाठ्यवस्तु विशिष्टीकरणका लागि उपयुक्त हुँदैनन् । जस्तो प्रकृतिको पाठ्यक्रम हुन्छ त्यस्तै प्रकृतिका पाठ्यवस्तुको चयन गर्नु आवश्यक ठानिन्छ ।

### २.१.४.१.६ सिकारुको पूर्वक्षमता

पाठ्यवस्तुहरूको छनोटमा विद्यार्थीहरूको पूर्वक्षमतालाई राम्रोसँग ख्याल गर्नुपर्दछ । विद्यालय आउनुभन्दा अगाडि शिक्षणीय पाठ्यसामग्रीका बारेमा विद्यार्थीहरूमा के कस्तो पूर्व जानकारी छ भाषिक क्षमता कस्तो छ, मातृभाषा र विदेशी भाषाको प्रभाव कस्तो छ ; द्विभाषिक वा बहुभाषिकमध्ये कस्ता विद्यार्थीहरू बढी छन् आदि कुरा बुझेर मात्र पाठ्यवस्तुको छनोट गर्नुपर्दछ । पूर्वज्ञान बन्दै नभका, आंशिक रूपमा भएका र राम्रो भएका विद्यार्थीहरूका लागि एकै प्रकारको पाठ्यवस्तु छनोट गर्नु अनुचित कार्य हुन जान्छ । त्यसैले सबै विद्यार्थीको क्षमतामा भिन्नता हुने भएकाले भिन्नभिन्न प्रकृतिका पाठ्यवस्तु छनोट गर्नु उचित ठान्ने गरिएको पाइन्छ (ढकाल, २०६७ : ६१) । दोस्रो भाषाका रूपमा भाषा सिक्ने विद्यार्थीहरू र पहिलो भाषाका रूपमा भाषा सिक्ने विद्यार्थीहरूका लागि उनीहरूको स्तर अनुसार फरक-फरक भाषिक पाठ्यवस्तु छनोट गर्नुपर्ने हुन्छ ।

यसरी भाषिक पाठ्यवस्तुहरूको छनोटमा प्रभाव पार्ने प्रभावकहरू मध्ये बाह्य प्रभावकहरूमा उद्देश्य वा प्रयोजन, तह वा स्तर, समयावधि, विद्यालयको प्रकृति, पाठ्यक्रमको प्रकृति र सिकारुको पूर्वक्षमतालाई मान्न सकिन्छ । पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्यहरू पूरा गर्न सक्ने खालका पाठ्यवस्तु छान्नु उपयुक्त हुन्छ । कुन तह वा कस्तो स्तरका सिकारुका लागि के-कस्ता पाठ्यवस्तु छनोट गर्नु उपयुक्त हुन्छ भन्ने कुरामा विचार पुऱ्याउनु पर्ने हुन्छ । सिकारुलाई थोरै समयमा धेरै सिकाउन पनि सम्भव नहुने र धेरै समयमा थोरै सिक्षण गराउँदा पनि प्रभावकारी नहुने हुनाले समयावधिलाई पनि विचार पुऱ्याएर मात्र पाठ्यवस्तु छनोट गर्नेपर्ने हुन्छ ।

विद्यालयको प्रकृति अनुसार पाठ्यवस्तु निर्धारण गर्नु उपयुक्त मानिन्छ । नेपालको सन्दर्भमा कम्प्युटर, ओ.एच.पी. जस्ता सामग्रीको प्रयोग गरेर शिक्षण गर्नु उपयुक्त हुँदैन ।

पाठ्यवस्तु निर्माण गर्दा वा छनोट गर्दा पाठ्यक्रमको प्रकृतिलाई पनि ध्यान पुऱ्याउनु पर्ने हुन्छ । पाठ्यक्रम सामान्य ज्ञानका लागि तयार गरिएको भए सामान्य खालकै पाठ्यवस्तुको आवश्यकता पर्दछ । विशिष्ट ज्ञानका लागि निर्माण भएको पाठ्यक्रम भए सोही अनुसारका पाठ्यवस्तुको निर्धारण गर्नुपर्ने हुन्छ । पाठ्यवस्तु छनोट गर्दा सिकारुको पूर्वज्ञानलाई पनि ख्याल गरिएको हुनुपर्दछ । पूर्वज्ञान हुँदै नभएका अलिअलि भएका र राम्रो भएका विद्यार्थीका लागि एकै प्रकारका पाठ्यवस्तु उपयुक्त हुँदैनन् । यसरी यस्ता प्रभावकहरूलाई बुझेर मात्र कुनै पनि विधा वा पाठ्यवस्तुको छनोट गर्नु उपयुक्त देखिन्छ ।

### २.१.४.२ आन्तरिक प्रभावकहरू

भाषाभित्रकै विभिन्न पक्ष र विशेषताहरूसँग सम्बद्ध भएर भाषिक पाठ्यवस्तु छनोटमा महत्त्वपूर्ण भूमिका खेल्ने अथवा छनोटलाई निर्देशित र नियन्त्रण गर्ने तत्त्वहरूलाई आन्तरिक प्रभावक भनिएको पाइन्छ (पौडेल, २०६७ : ४९) ।

यस्ता आन्तरिक प्रभावकहरू पाँच प्रकारका रहेका छन् (गौतम, २०६१ : १४०) ।

### २.१.४.२.१ भाषिका

सामाजिक, भौगोलिक, राजनैतिक विभिन्न कारणहरूले गर्दा एउटै भाषाका पनि विभिन्न भेदहरू हुन्छन् । यी सबै भेदहरूलाई समावेश गर्नु उचित हुन्छ तर विभिन्न कारणले गर्दा यिनीहरूलाई पाठ्यक्रममा समावेश गराउन सकिएको छैन । त्यसैले भाषा पाठ्यवस्तुभित्र त्यस भाषाको मानक वा बहुप्रचलित वा धेरै जनाको कामकाजको प्रयोग हुने स्तरीय भाषाको छनोट गर्नु आवश्यक ठानिन्छ ।

### २.१.४.२.२ प्रयोजनपरक भेद

भाषा प्रयोगको क्रममा आ-आफ्नै प्रकारका अलग-अलग भाषिक शैली वा माध्यम हुन्छन् । एक क्षेत्रमा प्रयोग हुने शैली अर्को क्षेत्रमा पूर्णरूपले फरक पाइन्छ । त्यसकारण छनोट गर्न लागेका भाषिक शैली त्यस समाज र विद्यार्थी सुहाउँदो हुनुपर्छ वा जुन क्षेत्रका लागि पाठ्यवस्तु छनोट गर्न लागिएको हो त्यसै क्षेत्रमा प्रचलित र सुहाउँदो भेदको चयन गर्नुपर्छ । जस्तै विज्ञानका क्षेत्रमा प्रयोग गरिने भाषिक ज्ञान दिन विज्ञान सम्बन्धी, खेलकुद सम्बन्धी ज्ञान दिन खेलकुद सम्बन्धी ज्ञान आदिको प्रयोजनपरक रूपमा छनोट गर्नु उपयुक्त हुन्छ ।

### २.१.४.२.३ शैली

शैली सामान्य र स्तरीय, औपचारिक र अनौपचारिक हुन सक्छन् । वक्ता, श्रोता, विषय, प्रसङ्ग र समयले भाषामा उक्त भेदहरू जन्माउँछन् । पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्यहरूको परिपूर्ति गर्न गराउन छनोट गरिने पाठ्यवस्तु कुन शैलीसँग सम्बद्ध हुनुपर्छ भन्ने कुराको हेक्का राखेर मात्र छनोट हुनु आवश्यक छ । त्यसैले शिक्षार्थीको व्यवहारमा अपेक्षाकृत परिवर्तन ल्याउन उपयुक्त शैली प्रयुक्त पाठ्यवस्तु चयन हुनु जरुरी छ भन्न सकिन्छ (ढकाल, २०६७ : ६३) ।

शैलीलाई अन्य विविध पक्षबाट पनि हेर्नुपर्ने हुन्छ जस्तै : सरल-जटिल, कथ्य-लेख्य, साहित्यिक-असाहित्यिक, व्याकरणिक-आलङ्कारिक, अभिधा-लक्षणा, व्यञ्जना, समास, व्यास, वस्तुपरक-भावपरक-आत्मपरक, वर्णनात्मक-विवरणात्मक, बौद्धिक-विचारात्मक आदि ।

### २.१.४.२.४ माध्यम

भाषाको अभिव्यक्ति लिखित र मौखिक गरी दुई माध्यमबाट हुन्छ । भाषिक पाठ्यवस्तुको छनोट गर्दा कुन माध्यमलाई आधार बनाएर गर्ने भन्ने कुरा ज्यादै महत्त्वपूर्ण हो । मौखिक भाषाको माध्यमको प्रस्तुतीकरणमा प्रायः अनौपचारिक भाषा र अभाषिक सङ्केतहरू (जस्तै आँखा नचाउनु, हात हल्लाउनु, टाउकाको प्रयोग) महत्त्वपूर्ण मानिन्छन् (गौतम, २०६१ : १४०) । यसमा भाषिक प्रकार्य पनि (जस्तै : अनुरोध, धन्यवाद, क्षमा आदि) महत्त्वपूर्ण हुन्छन् भने लिखित माध्यमले भाषामा चिठी, दैनिकी, निबन्ध जस्ता कुराहरू महत्त्वपूर्ण हुन्छ ।

कथ्य भाषा नै भाषाको आधारभूत रूप भएको र लेख्य माध्यम त त्यही आधारभूत रूपको अनुकृति भएकाले भाषाका कथ्य र लेख्य दुवै माध्यम विद्यार्थीहरू निपुण हुनु आवश्यक छ । त्यसैले पाठ्यक्रमले जुन माध्यमसँग सम्बद्ध भाषिक सीप विकासमा जोडिदिएको छ, त्यसै माध्यमसँग सम्बद्ध पाठ्यवस्तुहरू उपयुक्त विधाबाट छनोट गर्नुपर्छ (पौडेल, २०६७ : ५२) ।

### २.१.४.२.५ भाषातत्त्वहरू

भाषातत्त्वहरूमा वर्ण, व्याकरण, शब्दभण्डारका कुरा पर्दछन् । यी भाषातत्त्वहरू सबै भाषामा समान वा उस्तै हुँदैनन् । जस्तै अङ्ग्रेजी भाषामा जम्मा ४४ वटा वर्णहरू पाइन्छन्

भने नेपाली भाषामा ३५ वटा मात्र वर्णहरू छन् । वाक्य गठन पनि अङ्ग्रेजी भाषा र नेपाली भाषामा फरक नै पाइन्छ । नेपाली भाषाको जस्तो अज्ञात भूतको व्यवस्था अङ्ग्रेजी भाषामा छैन । त्यसैगरी अङ्ग्रेजी भाषामा पाइने फ्युचर कन्टीन्युअसका रूपहरू नेपाली भाषामा हुँदैनन् । यसरी भाषाका खास तह वा स्तरमा खास वर्ण, अक्षर, रूप, शब्द, पदावली र वाक्यसंरचना आदिको छनोटका आधारमा शिक्षण गर्ने गरिएको पाइन्छ (गौतम, २०६१ : १४४) ।

समग्रमा पाठ्यवस्तु छनोटका आन्तरिक प्रभावकहरूमा भाषिकाले महत्त्वपूर्ण भूमिका खेल्ने गर्दछ । हरेक भाषाका थुप्रै भाषिका उपभाषिकाहरू रहेका हुन्छन् । भाषालाई जीवन्तता प्रदान गर्न र सबै भाषिका बोल्ने वक्ताहरूलाई मान्य हुनका लागि मानक भाषाको आवश्यकता पर्दछ । त्यसैगरी प्रयोजनपरक भेद जुन क्षेत्र, समाज वा विद्यार्थीका लागि पाठ्यवस्तु छनोट गर्न लागिएको हो त्यसै क्षेत्रमा प्रचलित भेदको चयन गर्नु उपयुक्त मानिन्छ । औपचारिक, अनौपचारिक, स्तरीय वा सामान्य कुन शैलीसँग सम्बद्ध पाठ्यक्रमको तर्जुमा गरिएको हुन्छ त्यही बमोजिम पाठ्यवस्तुको चयन गर्नुपर्ने हुन्छ । लेख्य वा कथ्य दुवै माध्यममा विद्यार्थीहरू निपूर्ण हुनु आवश्यक हुन्छ (अधिकारी, २०६७ : ८८) ।

त्यसैले पाठ्यक्रमले जुन माध्यमसँग सम्बद्ध भाषिक सीप विकासमा जोड दिएको छ त्यसै माध्यमसँग सम्बद्ध पाठ्यवस्तुहरू उपयुक्त विधाबाट छनोट गर्नुपर्छ । वर्ण व्याकरण शब्दभण्डार (भाषातत्त्वहरू)का कुराहरू सबै भाषामा उस्तै हुँदैनन् । यसरी भाषाका खास तह वा स्तरमा खास वर्ण, अक्षर, रूप, शब्द, पदावली र वाक्यसंरचना आदिको छनोटका आधारमा शिक्षण गर्नु उपयुक्त हुने हुनाले भाषातत्त्व पनि पाठ्यवस्तु छनोटका लागि महत्त्वपूर्ण तत्त्वका रूपमा रहेको पाइन्छ (ढकाल, २०६७ : ६२) ।

पाठ्यक्रमको प्रयोजन वा उद्देश्यलाई आत्मसात् गरी छनोटका क्रममा कुनै प्रभावक तत्त्वलाई कम जोड र कुनै प्रभावक तत्त्वलाई बढी जोड दिएर पाठ्यवस्तु छनोट गर्न सकिन्छ । छनोट गरिएका पाठ्यवस्तुहरू पाठ्यक्रमका उद्देश्यअनुरूप होऊन् , सिकारुका रूचि र सिकाइ प्रवृत्ति अनुरूप होऊन् र समग्रमा भाषा शिक्षणका मर्म र प्रभावकारीता अनुरूप सुसिक्य हुन सकून् भनेको पाइन्छ (पौडेल, २०६७ : ५५) ।

### २.१.५ पाठ्यवस्तु छनोटका आधारहरू

निर्धारित समयभित्र पाठ्यक्रमले गरेको अपेक्षा, सहज र सुगम ढङ्गले हासिल गर्न गराउन सकियोस् भन्नका लागि पाठ्यवस्तु मध्येबाट उपयुक्त किसिमका पाठ्यवस्तुको छनोट गर्नुपर्छ । थोरै समय, श्रम, स्रोतबाट अधिकतम लाभ लिन जीवनोपयोगी र व्यवहारोपयोगी पाठ्यवस्तु छनोट हुनुपर्छ । पाठ्यवस्तु छनोटका बाह्य र आन्तरिक प्रभावकहरू सामान्य आधार हुन् भने अझै पाठ्यवस्तुको चयनलाई उद्देश्यमूलक/विशिष्ट बनाउन थप आधारहरू रहेका पाइन्छन् (ढकाल, २०६७ : ६५) । यस्ता विशिष्ट आधारहरू निम्नानुसार रहेका छन् :

#### २.१.५.१ आवृत्ति

भाषिक व्यवस्थामा कतिपय वर्ण, अक्षण, रूप, शब्द आदिको आवृत्ति ज्यादा देखिन्छ भने कतिपय अवस्थामा केही वर्ण तथा अन्य भाषिक एकाइहरू कम मात्र दोहोरिन्छन् । भाषिक तहको पुनरावृत्तिलाई देशकाल परिस्थितिले समेत प्रभाव पार्दछ । कुनै खास एकाइहरूमा कम आवृत्ति हुने एकाइभन्दा विभिन्न सन्दर्भमा बढी दोहोरिएर आउने भाषिक एकाइहरू विद्यार्थीका निम्ति बढी स्मरणीय हुन्छन् । त्यसैले जुन भाषिक तत्त्वहरू बढी आवृत्त हुन्छन् ती स्वभावैले बढी छनोट योग्य मानिन्छन् (पौडेल, २०६७ : ५६) ।

#### २.१.५.२ विस्तरण

कुनै पनि शब्द वा संरचनाको वितरणको मात्रा अधिक हुनु चयनीय दृष्टिले महत्त्वपूर्ण मान्न सकिन्छ । आवृति बढी तर वितरण चाहि कम भएको एकाइ भन्दा सन्तुलित रूपमा वितरण भएको एका छनोटका दृष्टिले उपयोगी हुन्छ । वितरणमा आउने एकाइहरू न धेरै आवृत हुन्छ न ज्यादै कम आवृत हुन्छ । यसरी विस्तरण क्षमतालाई आधार बनाएर सचेततापूर्वक छनोट गरिएका भाषिक एकाइहरू पाठ्यवस्तुमा छनोट गर्नाले सिकाइमा सुसिक्यता प्रभावकारिता सिर्जना गर्न सकिन्छ (अधिकारी, २०६७ : ८६) ।

#### २.१.५.३ प्राप्यता

खास सन्दर्भमा तत्परताका साथ सम्झने वा प्रयोगमा आउने शब्द वा एकाइहरू प्राप्य मानिन्छ । प्राप्य शब्दहरूमध्ये कतिपयको आवृतिको मात्रा कम भए पनि र वितरणको

क्षमता कम भएता पनि प्रयोगगत सन्दर्भका हिसाबले उपयोगी वा महत्त्वपूर्ण हुन्छन् (पौडेल, २०६७ : ५०) ।

उदाहरणका लागि बालबालिकालाई बोल्न सिकाउनका निम्ति बालबोलीका शब्दहरू नाना, चाचा, पापा, बुबु जस्ता शब्दहरू खनजोतका दृष्टिले गोरु, कुटो, हलो, जुवा जस्ता शब्दहरू आवृति र वितरण क्षमताका दृष्टिले कम महत्त्वका लागे पनि त्यस सन्दर्भमा उपयोगका दृष्टिले महत्त्वपूर्ण मानिन्छ । यसरी खास खास भूमिका पूरा गर्ने अभिप्रायका निम्ति प्राप्यतालाई भाषातत्त्वहरूको छनोटमा आधार बनाउनु उचित ठानिन्छ ।

## २.१.५.४ व्यापन

एकले अर्को भाषिक तत्त्वलाई प्रतिस्थापित गर्न सक्ने वा हुन सक्ने समान अर्को शब्द नै व्यापन हो । भाषिक तत्त्वहरूको एक अर्कासँग प्रतिस्थापित भएर शब्द वा संरचना वा अर्थलाई विस्तार गर्ने, एकले अर्काको परिभाषा गर्ने, एकले अर्कालाई आफूभित्र समावेश गर्न सक्ने, खास प्रकृतिको फैलावटलाई नै व्याप्ति वा व्यापन भन्न सकिन्छ (ढकाल, २०६७ : ६५) । प्रसिद्ध भाषा वैज्ञानिक म्याके (१९६५) ले चार खण्डमा विभाजन गरेको पाइन्छ (अधिकारी, २०६७ : ८६) ।

### २.१.५.४.१ परिभाषा

व्यापनको विशेषता भएका शब्दहरू अर्को शब्दको परिभाषा गर्न उपयोगी हुन्छन् । अर्पनु, बक्सनु, चढाउनु जस्ता शब्दका अभिप्रायलाई 'दिनु' क्रियाले परिभाषित गर्न सक्छ । त्यस्तै 'टुक्रा' शब्दले विभिन्न किसिमका अंशलाई अर्थ्याउन सक्छ । जस्तै 'बोल्न नसक्ने' भन्ने परिभाषाका लागि 'लाटो' शब्द प्रयोग गर्न सकिन्छ ।

### २.१.५.४.२ समावेशन

अर्थको समानताका आधारमा कुनै शब्दले कुनै अर्को शब्दको अर्थलाई समावेश गर्न सक्ने हुन्छ । 'तरकारी' शब्दले साग, आलु, काउली आदि शब्दको अर्थ समावेश गर्न सकेको छ । 'हामी' भित्र धेरै, म, तँ, तिमी, ऊ, उनीहरू समेटिन्छन् भने जातिवाचक नामभित्र धेरै व्यक्तिवाचक नामहरू समेटिएको पाइन्छ । फूल, फर्निचर, फल आदिमा धेरै नामहरूको अर्थलाई जनाउन सक्ने क्षमता पाइन्छ । यस्ता समावेशी अर्थ भएका भाषिक एकाइहरू चयनीय हुन्छन् ।

### २.१.५.४.३ संयोजन

अरूसँग संयोजन नहुने भाषिक उच्चारणभन्दा संयोजीय गुण भएका भाषिक उच्चारणहरू बढी चयनीय हुन्छन् । मानु शब्द मुक्त रूपमा पनि प्रयुक्त हुन्छ भने मानुचामल, मानुमुठी, मानुमुरीसँग पनि संयोजित भएर देखापर्छ । त्यस्तै मार्नुमा मेखमार्नु, निचमार्नु, धितमार्नु, मन मार्नु, ताल्चा मार्नु, आदिसँग संयोजित हुने गुण देखिन्छ ।

### २.१.५.४.४ अर्थ विस्तारशीलता

धेरैभन्दा धेरै सन्दर्भमा अर्थ विस्तारित गरी प्रयोगमा ल्याउन सकिन्छ त्यस्ता एकाइहरू बढी चयनीय हुन्छन् । पहिले पहिले कुश काट्न जान्ने वा 'कुश' भन्ने हतियार चलाउन जान्नेलाई कुशल भनिन्थ्यो भने हिजोआज यसको अर्थ विस्तारित भएर सन्चो, आराम, निपूण, दक्ष, चलाख, शुभ, भलो जस्ता विभिन्न अर्थ जनाउन थालेको पाइन्छ (अधिकारी, २०६७ : ८७) ।

### २.१.५.५ मनोवैज्ञानिक/शैक्षणिक आधार

मनोवैज्ञानिक आधार पाठ्यवस्तु तथा विधा छनोटमा महत्त्वपूर्ण हुन्छ । सिकारुको मानसिक, बौद्धिक, शारीरिक तथा सांवेगिक क्षमताको विभिन्नताले कुनै शब्द वा संरचना सिक्न हुने वा नहुने हुनसक्छ । कुनै एकाइ सिक्न सजिलो हुनुमा विभिन्न पक्षको भूमिका रहन्छ । त्यसैगरी सिकारुका इच्छा आकाङ्क्षा र मनोविज्ञानसँग मेल नखाने कुरा सिकाउन कठिन हुन्छ भने सिकारुले पनि सिक्न सक्तैनन् । भाषामा नियमित व्यवस्थाका तुलनामा अनियमित व्यवस्था सिकाउन गाह्रो हुन्छ । कतिपय एकाइहरू खास किसिमको शिक्षण परिपाटी वा परिवेशले पनि भाषाका पाठ्यवस्तु साथै विधाहरूको छनोटमा विशेष महत्त्व राख्छन् । यस्तो अवस्था आउने हुनाले सिकारुलाई मूर्त, सरल, नियमित, सादृश्य, ज्ञानवस्तु पहिले राखेर क्रमशः अमूर्त, जटिल, अनियमित, असादृश्य, अज्ञात विषयवस्तु पछि राख्नु उपयुक्त मानिन्छ (बन्धु, २०६७ : ७०) ।

यसरी पाठ्यवस्तु छनोट गर्न आवृति विस्तरण, प्राप्यता, व्यापन र मनोवैज्ञानिक तथा शैक्षणिक जस्ता विशिष्ट आधारहरू रहेका छन् । कुनै पनि एकाइहरूमा कम आवृति हुने एकाइभन्दा विभिन्न सन्दर्भमा बढी आवृति हुने भाषिक एकाइहरू छनोट योग्य हुन्छन् । विस्तरणलाई पनि भाषा पाठ्यवस्तुको छनोटको आधार मानिएको हुनाले भाषाशिक्षणका

क्रममा बढी आवृति भएको तर कम चलन चल्तीमा आउने शब्दहरूभन्दा बढी प्रयोगमा आउने शब्दहरूको चयन गर्नु उपयुक्त हुन्छ । कतिपय शब्दहरू आवृति र विस्तरण कम भए पनि प्रयोगगत सन्दर्भका हिसाबले उपयोगी वा महत्त्वपूर्ण हुन्छन् । जस्तै : खेतीका लागि हलो, जुवा, कुटो आदि महत्त्वपूर्ण मानिन्छन् । त्यसैगरी शिक्षणका लागि कालोपाटी, चक, डस्टर आदि उपयोगी मनिने गर्दछन् । यसो भएको हुनाले प्राप्यता पनि पाठ्यवस्तु छनोटको महत्त्वपूर्ण तत्त्व मनिन्छ । कतिपय शब्दहरूले थुप्रै अर्थ ग्रहण गर्न सक्छन् । जस्तै : 'लुगा' भन्ने शब्दले सट, चोलो, सारी, कुर्ता, दौरा आदि बुझाउँदछ । त्यसैले भाषाशिक्षणमा 'लुगा' जस्ता उच्च व्यापन शक्ति भएका शब्दहरूको छनोट गर्नु उपयुक्त हुन्छ । यस्ता व्यापनमा परिभाषा, सम्वेगात्मक संयोजनीय, अर्थविस्तारशीलता गरी चार प्रकार पर्दछन् । विद्यार्थीहरूको स्तर अनुसारको पाठ्यवस्तु बनाउनका लागि सामान्यबाट विशिष्टतातिर, मूर्तबाट अमूर्ततिर, सरलबाट जटिल गर्दै भाषापाठ्यवस्तुको छनोट गर्न मनोवैज्ञानिक तथा शैक्षणिक आधारलाई लिन सकिन्छ ।

## २.२ स्तरणको सैद्धान्तिक परिचय

### २.२.१ पाठ्यवस्तु स्तरणको परिचय

शिक्षणका लागि छनोट गरिएका विभिन्न शिक्षणीय पाठ्यवस्तुहरूलाई एकपछि अर्को शृङ्खलामा नबाँधी अनावश्यक वा अन्धाधुन्ध रूपमा सिकाउन खोज्यो भने त्यसको परिणाम गम्भीर हुनपुग्छ । कुनै पनि कुरा सिक्नु वा सिकाउनु पर्दा त्यसको आफ्नै एउटा निश्चित क्रम हुन्छ र त्यसको शिक्षण सिकायको मनोवैज्ञानिक प्रकृति वा प्रकृतिअनुरूप सरलदेखि जटिल, नियमितबाट अनियमित, प्रत्यक्षबाट अप्रत्यक्ष, मूर्तबाट अमूर्त, ज्ञातबाट अज्ञात र सामान्यबाट विशेषको एउटा शृङ्खलामा शृङ्खलित भएको हुन्छ । यसरी शृङ्खलित हुनु नै स्तरण हो (वन्धु, २०६७ : ७१) । कुन पहिले सिकाउने र कुन पछि अथवा कुन क्रमले पाठ्यवस्तुहरूको सिक्षण गर्दै लैजाँदा शिक्षार्थीहरूको क्षमता स्तरअनुसार पठित कुराको आवृत्तिका साथै पाठ्यवस्तुहरूलाई कसरी विस्तार गर्दै र गहिराइ दिँदै लैजानुपर्छ आदि प्रश्न भाषाशिक्षकका लागि आधारभूत र चुनौतीपूर्ण छन् । पहिलो पाठ दोस्रो पाठका लागि र दोस्रो पाठ तेस्रो पाठका लागि आधार बन्नु पदर्छ । यदि यसरी क्रमिकता मिलेको छैन भने शिक्षकले पहिलो पाठमा पढाएको कुरा दोस्रो पाठमा पढ्दा भुसुक्कै बिर्सिन्छन् । त्यसैले कतिपय कुराहरूको पहिलो र दोस्रो पाठमा शृङ्खलाबद्ध रूपमा आवृति पनि हुँदै जानु

उपयुक्त मानिन्छ । भाषा सिकाइलाई व्यवस्थित अनुक्रममा ढालेर शैक्षणिक मनोवैज्ञानिक दृष्टिले सबल तुल्याउनका साथै सरलता, रूचिपूर्णता तथा अपेक्षित उद्देश्य प्राप्त गर्ने गतिशीलता अवलम्बन गर्ने महत्त्वपूर्ण प्रक्रियाका रूपमा भाषापाठ्यवस्तुको स्तरणलाई पहिचान गर्न सकिन्छ (पौडेल, २०६७ : ६९) ।

छनोट सँगसँगै स्तरण पनि उपयुक्त ढङ्गले नभएमा प्रशस्त अव्यवस्था र असङ्गति देखिने हुन्छ । शैक्षिक सामग्रीहरू पनि स्तरणीकृत भएमा शिक्षार्थीहरूका लागि थोरैबाट पनि अपेक्षित भाषिक क्षमताको विकास गर्ने अवसर बढ्छ । पाठ्यसामग्रीहरू स्तरणीकृत नभएमा कतै अत्याधिक बोझ र कतै अत्याधिक सरलता समेत भई सिकाइको स्थिति असामान्य हुन जाने डर हुन्छ । यसरी स्तरणको उपयोगितालाई औँल्याउन सकिन्छ (अधिकारी, २०६७ : १०२) ।

यसरी वैज्ञानिक र व्यवस्थित रूपमा पाठ्यवस्तुको स्तरण नहुँदा शिक्षण-सिकाइ असहज, दुरुह र अन्योलपूर्ण हुन पुग्छ । जसका कारणले पाठ्यक्रमले अपेक्षा गरेका सम्पूर्ण लक्ष्यहरू अधुरो र अपुरो बन्न पुग्छन् । स्तरणले छनोट भएका पाठ्यवस्तुहरूमध्ये कुन अघि कुन पछि प्रस्तुत गर्ने भनेर जनाउने हुनाले शिक्षार्थीहरूका निर्धारित उद्देश्यहरूलाई उच्चतम प्रभावकारिताका साथ पूरा हुन भन्ने हेतुले नै स्तरण गरिनु पर्दछ । उदाहरणका लागि व्याकरण शिक्षणका प्रसङ्गमा कारक सिकाउनु भन्दा पहिले विभक्ति सिकाउने गर्नुपर्छ । त्यसैगरी लिखित कार्य भन्दा पहिले मौखिक कार्य गर्नुपर्छ । पदवर्गको शिक्षण गर्दा सामान्यतया नाम, सर्वनाम, विशेषण, क्रियापद र अव्ययको क्रममा सिकाउँदा शिक्षण व्यावहारिक र मनोवैज्ञानिक दृष्टिकोणले उपयुक्त हुन्छ ।

## २.२.२ भाषा पाठ्यवस्तु स्तरणको आवश्यकता र महत्त्व

पाठ्यवस्तु जुनसुकै प्रकृतिका भए पनि तिनलाई मनोवैज्ञानिक प्रवृतिअनुसार एउटा अनुक्रममा सीमाबद्ध गरी शिक्षणलाई व्यवस्थित गर्न सकियो भने मात्र पाठ्यक्रम स्तरणको उपयोगिता पुष्टि हुनसक्छ । पाठ्यवस्तुहरू स्तरीकरण गर्न सकिएन भने भाषा शिक्षण सिकाइ कमजोर मात्र नभई अन्योलपूर्ण र अव्यवस्थित हुन पुग्छ । कमजोर वा अन्योलपूर्ण अव्यवस्थित शिक्षणको परिणाम पनि उद्देशयहरूको अपेक्षा अनुरूप हुन सक्तैन । त्यसकारण विशेषतः दोस्रो भाषा सिकाइको मर्म र महत्त्वलाई बुझेर गरिने औपचारिक प्रकृतिको

भाषाशिक्षणमा नसिकी र नसिकाइनहुने स्तरीकृत पाठ्यवस्तुको निर्माण गर्न सक्नु नै पाठ्यवस्तु स्तरणको मुख्य आवश्यकता हो (पौडेल, २०६८ : ७४) ।

सजिलाका लागि पाठ्यवस्तु स्तरणको आवश्यकतालाई निम्नानुसार बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

- पाठ्यक्रममा छनोट गरिएका पाठ्यवस्तुलाई विद्यार्थीहरूको रुचि, क्षमता, स्तर र आवश्यकतालाई पूरा गर्न सक्ने तुल्याउन,
- शैक्षिक र मनोवैज्ञानिक ढङ्गले उपयुक्त शिक्षणका निम्ति,
- बढी आवश्यक पाठ्यवस्तुलाई कम आवश्यक पाठ्यवस्तुभन्दा पहिले शिक्षण गर्नु गराउनु,
- भाषाको मानक व्यवस्था अनुसार शिक्षण सिकाइलाई प्रभावकारी र विश्वसनीय बनाउनु,
- आवश्यकता अनुसार नयाँ कुराको सिकाइलाई क्रमबद्ध र सुनिश्चित पार्नुका साथै सिकिसकेका कुरालाई सीमाङ्कन गरी स्थायित्व प्रदान गर्न,
- पाठ्यवस्तुहरूको अनावश्यक पुनरावृति हटाउन,
- शिक्षण सिकाइलाई सैद्धान्तिक र बोझिलो नबनाई समय सापेक्ष ढङ्गले प्रयोगिक बनाउन र
- सिकिसकेका पुराना कुराबाट सिकिने नयाँ कुरालाई मद्दत पुऱ्याउने ढङ्गले पाठ्यवस्तुहरूको आपसी अनुक्रम मिलाउन ।

## २.२.३ स्तरणको प्रक्रिया र प्रकार

### २.२.३.१ स्तरणको प्रक्रिया

पाठ्यवस्तु छनोटमा जस्तै स्तरणमा पनि निश्चित प्रक्रिया अवलम्बन गरिन्छ । छनोटमा जस्तै स्तरणमा पनि विभिन्न पक्ष (आवृत्ति, विस्तरण, प्राप्यता, व्यापन र मनोवैज्ञानिक तथा शैक्षणिक आधार) मध्ये मनोवैज्ञानिक वा शैक्षणिक पक्षमा जोड दिइन्छ । पाठ्यवस्तुहरूका बीचमा परस्पर सम्बद्धता र निकटता कायम राख्नु पर्छ । एउटा पाठ्यवस्तुले अर्को पाठ्यवस्तुको आधारको काम गर्नुपर्छ । सिकारुले सजिलै बुझ्ने गरी वा

लामो समयसम्म स्मरण गर्नसक्ने गरी स्तरण गर्न सकिएन भने शिक्षण कार्य जटिल बन्न जान्छ । तसर्थ स्तरण गर्दा सरलबाट जटिलतिर, पूर्णबाट अंश, ज्ञातबाट अज्ञात, सामान्यबाट विशिष्ट, मूर्तबाट अमूत जस्ता शिक्षण सूत्रको प्रयोग गर्नु आवश्यक ठानिन्छ । त्यसैगरी पाठ्यवस्तु स्तरण गर्दा भाषाका वर्ण, रूप, शब्द, वाक्य, सङ्कथन जस्ता विभिन्न तहमा समेत ख्याल गर्नुपर्छ । सामान्यत स्तरणका एकीकृत प्रक्रिया र पृथकीकृत दुई प्रक्रिया छन् (अधिकारी, २०६७ : १०४) ।

### २.२.३.१.१ एकीकृत प्रक्रिया

यो प्रक्रिया भाषालाई टुक्रा टुक्रा गरेर सिकाउन सकिँदैन भन्ने मनोवादी सिद्धान्तमा आधारित छ । अतः वर्ण, शब्द, रूप, वाक्य र सङ्कथनलाई एकसाथ प्रस्तुत गरी वा भाषाका सबै पक्षको एकैसाथ सिकाउने गरी स्तरण गर्ने प्रक्रिया नै एकीकृत प्रक्रिया हो । भाषाको सङ्कथन स्तरको तहमा एकीकृत प्रक्रिया अपनाउन सकिन्छ । सङ्कथन भनेको भाषाको उच्चतम एकाइ हो । त्यसैले सङ्कथनको स्तरण पृथकीकृत ढङ्गले गर्न खोज्नु अन्योलग्रस्त हुनु हो । चक्रिय प्रकृतिको पाठ्यक्रमले यसै एकीकृत स्तरणलाई अपनाएको पाइन्छ । हरेक सीपको हरेक सीपसँग आपसी अन्तर सम्बन्ध रहेको हुनाले एकीकृत स्तरणको विशेष महत्त्व र भूमिका रहेको हुन्छ (गौतम, २०६१ : १४९) ।

### २.२.३.१.२ पृथकीकृत प्रक्रिया

यो भाषालाई विभिन्न एकाइमा विभाजन गरेर सिकाउन सकिन्छ भन्ने व्यवहारवादी सिद्धान्तमा आधारित छ । वर्ण, शब्द, रूप, वाक्य र सङ्कथनलाई एकसाथ प्रस्तुत नगरी एउटा तहको स्तरण पछि अर्को तह र त्यसपछि अर्को तह गर्दै क्रमशः अगाडि बढ्न सकिन्छ । यस प्रकारको स्तरण प्रक्रिया सरल भएपनि त्यति महत्त्वपूर्ण मानिँदैन । भाषाका आधारभूत क्षमता हासिल गरिसकेका उच्च स्तरीय विद्यार्थीहरूका लागि मात्र यो प्रक्रिया उपयोग गर्न सकिने देखिन्छ (पौडेल, २०६७ : ७४) ।

यसरी एकीकृत प्रक्रिया अलिक जटिल प्रकारको भए पनि प्रारम्भिक तहमा र दोस्रो भाषा सिकाउने क्रममा बढी प्रभावकारी हुने देखिन्छ । यसमा भाषाका सबै पक्षहरूलाई एकै साथ शिक्षण गर्नेगरी स्तरण गरिएको हुन्छ भने पृथकीकृत प्रक्रिया सरल भए पनि त्यति प्रभावकारी मानिदैन । यो सङ्कथन बाहेकका अन्य वर्ण, रूप, शब्द र वाक्यहरूलाई बेग्लाबेग्लै तरिकाले सिकाउने गरी स्तरण गरिएको हुन्छ । पृथकीकृत प्रक्रिया प्रारम्भिक

चरण पार गरिसकेका उच्च स्तरीय विद्यार्थीहरूका लागि उपयोगी हुन्छ । त्यसैले पाठ्यवस्तु स्तरण गर्दा यस्ता प्रक्रियाहरूलाई प्रयोगमा ल्याइन्छ ।

### २.२.३.२ स्तरणका प्रकार

भाषाशिक्षणको क्षेत्रमा अचेल रेखीय र चक्रीय गरी दुई किसिमका स्तरणको चर्चा गरिएको पाइन्छ (अधिकारी, २०६७ : १०५) । पाठ्यवस्तुहरूको स्तरणका क्रममा परम्परागत स्तरण पनि उल्लेख्य छ तापनि यस्तो स्तरण मनोवैज्ञानिक तथा शैक्षणिक सिद्धान्तहरूको वास्तविक प्रतिबिम्बन कमै रहेको पाइन्छ । उक्त परम्परागत स्तरणका अपेक्षा रेखीय (पङ्तीय) र चक्रीय दुवै किसिमको स्तरणमा शैक्षणिक पक्षलाई विशेष ख्याल राखिएको हुन्छ । त्यसै हुनाले यी दुई किसिमका स्तरण पद्धतिको चर्चा गरिएको छ ।

#### २.२.३.२.१ रेखीय (पङ्क्तीय) स्तरण पद्धति

रेखीय स्तरण पद्धति पृथकीकृत प्रक्रियासँग सम्बन्धित हुन्छ । यो भाषालाई विभिन्न एकाइहरूमा टुक्रा टुक्रा पारेर पनि भाषिक एकाइहरूको शिक्षण गर्न सकिन्छ भन्ने व्यवहारवादी सिद्धान्तमा आधारित छ । भाषिक सीपहरूलाई पनि एकपछि अर्को क्रममा प्रस्तुत गर्ने धारणा यसमा पाइन्छ । उच्चतहका कक्षाहरूमा जसोतसो यो पद्धति उपयोगमा आउन पनि सक्छ तर प्रारम्भिक कक्षाहरूमा यो अव्यावहारिक र अवैज्ञानिक सावित भएको छ । यसमा उही एकाइ वा पाठ्यवस्तु दोहोरिने कम सम्भावना रहन्छ । प्रत्येक एकाइमा प्रशस्त समय बित्छ र शिक्षार्थीले सिकेका कुरालाई भिन्न सन्दर्भमा बुझ्ने, सम्झने र प्रयोग गर्ने अवसर कम मात्रामा प्राप्त गर्छ (अधिकारी, २०६७ : १०५) । रेखीय स्तरण विषयवस्तु प्रधान भएकाले यो भाषा शिक्षणका क्षेत्रमा भन्दा इतिहास, भूगोल जस्ता धारणात्मक विषयहरूको पाठ्यक्रममा बढी उपयोगी हुन्छ ।

रेखीय स्तरण पद्धतिका विशेषताहरूलाई बुँदागत गरिएको छ (गौतम, २०६१ : १५०) ।

- रेखीय स्तरणमा पाठ्यवस्तुलाई विभिन्न भाषिक एकाइमा विभाजन गरिन्छ ।
- विभाजित पाठ्यवस्तुलाई सरलबाट जटिल तिरको सिद्धान्तअनुसार क्रमशः स्तरण गरिन्छ ।

- यसमा एकपटक प्रस्तुत गरिएका भाषिक एकाइलाई पुनः दोहोर्‍याएर प्रस्तुत गर्ने प्रयास गरिँदैन ।
- यसमा विद्यार्थीको क्षमता र उपलब्धिस्तरको आधारमा क्रमशः शिक्षण गर्दै लैजान सकिन्छ ।
- यो मन्द बुद्धिका बालक र उच्च बुद्धिका बालकका लागि उपयोगी हुन्छ ।
- यसबाट क्रमबद्ध सिकाइ गर्न सकिन्छ ।
- यसले भाषालाई सीपको रूपमा भन्दा पनि ज्ञानका रूपमा बढी जोड दिएको हुन्छ ।

### २.२.३.२.२ चक्रीय स्तरण पद्धति

पाठ्यक्रमका उद्देश्य हासिल गर्नका निम्ति छनोट गरिएका पाठ्यवस्तु अथवा पाठ्यावलीहरूलाई चक्र घुमे जस्तै घुमाई फिराई अझ विस्तार र उन्नयनका साथ गरिने स्तरण पद्धतिलाई चक्रीय स्तरण पद्धति भनिएको पाइन्छ (गौतम, २०६१ : १५१) । एउटा एकाइभित्रका केही आधारभूत पक्षहरूलाई सुरुमा तिनै आधारभूत कुराहरूको अन्तरसम्बन्ध गाँस्दै अर्को एकाइका आधारभूत पक्ष र पुन केही अन्तरालमा पहिलो एकाइभित्रका सघन पक्ष र त्यसै आधारमा अर्को एकाइभित्रका सघन पक्षहरूको पुनः अन्तरसम्बन्ध गाँस्दै विभिन्न सन्दर्भमा दोहोर्‍याउँदै र नजानिँदो तबरले विस्तार गर्दै लैजाने प्रक्रियाका रूपमा चक्रीय स्तरण रहेको छ । पहिले सिकेको कुरा विभिन्न सन्दर्भमा आवृत्ति हुने हुनाले सिकेको कुरा चिरस्थायी र सबल हुँदै जान्छ भने त्यसै आधारमा नयाँ कुरा सिकिँदै, थपिँदै र विस्तारित हुँदै जाने स्वाभाविक एवम् नैसर्गिक प्रक्रिया यस स्तरणमा अवलम्बन गरिने हुनाले यो सरल र स्वभाविक हुने गर्दछ ।

चक्रीय स्तरण पद्धतिका विशेषताहरू :

- चक्रीय स्तरण पद्धति मनोवादी सिद्धान्तमा आधारित छ ।
- चक्र घुमेझैँ घुम्दै जाँदा पाठ्यवस्तु वा भाषिक एकाइ दोहोरिएर आउँछन् ।
- भाषिक सिद्धान्त र ज्ञानमा भन्दा प्रयोग पक्षमा बढी जोड दिन्छ ।
- यसको प्रयोग दोस्रो भाषा शिक्षणमा बढी गर्न सकिन्छ ।
- यसले भाषिक एकाइलाई सापेक्षतामा अगाडि बढाउँदछ ।
- यसमा आगमनात्मक विधिको प्रयोग गरिन्छ ।
- यो पद्धति प्रारम्भिक तहका लागि बढी उपयोगी देखिन्छ ।

यसरी भाषापाठ्यक्रममा पाठ्यवस्तुको स्तरण गर्ने धेरै पद्धतिहरू देखिए पनि बहुप्रचलित पद्धतिका रूपमा रेखीय र चक्रीय स्तरण नै देखिन्छन् । रेखीय पद्धतिद्वारा भाषाका विभिन्न एकाइहरूलाई नदोहोऱ्याई टुक्रा टुक्रा पारेर शिक्षण गर्न सकिने गरी स्तरण गरिएको हुन्छ । प्रत्येक टुक्रालाई सरलबाट जटिलको क्रममा मिलाएर राखिन्छ । यो पद्धतिबाट स्तरण गरिएका पाठ्यवस्तुहरू प्रायः जसो उच्चतहका कक्षाहरूमा उपयोग गरिन्छ । प्रारम्भिक तहका कक्षाहरूमा यो प्रभावकारी हुन सक्तैन । चक्रीय पद्धतिका माध्यमबाट पाठ्यवस्तुका विभिन्न एकाइहरूलाई घुमाई फिराई विस्तारका साथ शिक्षण गर्न सक्ने गरी स्तरण गरिएको हुन्छ । पहिले सिकेका कुरा विभिन्न सन्दर्भमा आवृति हुने हुनाले सिकेका कुरा चिरस्थायी हुने गर्दछन् । त्यसैले सिकाइमा रोचकता, सरलता, उत्साहपूर्णता र समग्र सुसिक्यताका दृष्टिले पनि चक्रीय स्तरणलाई बढी सान्दर्भिक मानिएको पाइन्छ (अधिकारी, २०६७ : १०७) ।

### २.२.३.३ स्तरणका प्रभावक र आधारहरू

पाठ्यवस्तु छनोटसँग सम्बद्ध बाह्य (प्रयोजन, तह, अवधि र अन्य) र आन्तरिक (भाषिक, प्रयोजनपरकता, शैली, माध्यम र भाषातत्त्व) आधार साथसाथै विशेष आधारहरू (आवृति, विस्तरण, प्राप्यता, शैक्षणिक र मनोवैज्ञानिक) नै पाठ्यवस्तु स्तरणका पनि आधार भएका हुनाले अघिल्ला अध्यायमा चर्चा गरिसकिएको छ । यस सन्दर्भमा चर्चा गरिएको छैन ।

### २.२.३.४ छनोट र स्तरणमा फरक

छनोट र स्तरण बेग्लाबेग्लै कुरा भए पनि एक अर्काका परिपूरकका रूपमा रहेका छन् । यी दुवै पक्षका प्रभावक तत्त्व र आधारहरू एउटै किसिमका भए पनि तिनका प्रयोजनपरक प्रक्रियाहरू फरक-फरक किसिमका देखिन्छन् (पौडेल, २०६७ : ७२) ।

छनोट र स्तरणका भिन्नतालाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

- भाषाशिक्षणको उद्देश्य, समयावधि जस्ता कुरामा आधारित भएर पाठ्यसामग्रीको चयन गर्ने कार्य छनोट हो भने छनोट गरिएको पाठ्यवस्तुलाई शिक्षणीय दृष्टिले उपयुक्त र व्यवस्थित अनुक्रममा राख्ने कार्य स्तरण हो ।

- भाषाका असीमित र व्यापक स्रोतबाट सीमित सान्दर्भिक उपयुक्त र प्रभावकारी सामग्री छानेर सूचीबद्ध गर्ने कार्य छनोट अन्तर्गत पर्दछन् भने ती सूचीबद्ध सामग्रीलाई कसरी र कुन क्रममा राख्दा शिक्षणीय दृष्टिले उपयुक्त हुन्छ भन्ने कुरा स्तरण अन्तर्गत पर्दछन् ।
- पाठ्यवस्तु क्षेत्र निर्धारण तथा सीमाङ्कनसँग छनोट सम्बन्धित हुन्छ भने तिनै कुरालाई शिक्षणयोग्य बनाउन अवलम्बन गरिने प्रक्रियासँग स्तरण सम्बन्धित हुन्छ ।
- पाठ्यवस्तु निर्माणका क्रममा आवश्यक पर्ने कच्चा पदार्थ थुपार्ने काम छनोट हो भने थुपारिएका कच्चा पदार्थहरूलाई प्रशोधन गरेर शिक्षणीय दृष्टिले प्रभावकारी बनाउने काम स्तरण हो ।
- छनोट भनेको विद्यार्थीहरूलाई के सिकाउने ? किन सिकाउने ? कसलाई सिकाउने ? कति सिकाउने ? आदि सवालसँग सम्बन्धित काम हो भने कसरी ? कुन अनुक्रममा, कुन आधार सामग्रीका सहयोगमा कुन भाषिक सामग्री सिकाउने भन्ने कुरासँग सम्बन्धित कार्य नै स्तरण हो ।
- छनोट प्रारम्भिक तहदेखि उच्च तहसम्म तथा पहिलो भाषा र दोस्रो भाषा अथवा जुनसुकै प्रयोजनपरक भाषा शिक्षणमा समान महत्त्व भएको आधारभूत कार्य मानिन्छ भने स्तरण चाहिँ मूलतः प्ारम्भिक तह र दोस्रो भाषा शिक्षणका सन्दर्भमा महत्त्वपूर्ण मानिन्छ ।
- छनोट पूर्ववर्ती कार्य हो भने स्तरण उत्तरवर्ती कार्य हो । स्तरणका लागि छनोट अनि आवश्यक हुन्छ भने स्तरण नगरिएको कच्चा पदार्थ महत्त्वहीन थुप्रो मात्र बन्नपुग्छ ।

यसरी पाठ्यवस्तु निर्माणका सम्बन्धमा यी दुवै आवश्यक प्रक्रियाका रूपमा रहेका छन् ।

## अध्याय : तीन

# कक्षा ११ को अनिवार्य नेपाली भाषा पाठ्यक्रमको उद्देश्य

## ३.१ पाठ्यक्रमको परिचय र परिभाषा

### ३.१.१ पाठ्यक्रमको शाब्दिक अर्थ

'पाठ्यक्रम' शब्द अङ्ग्रेजी करिकुलम शब्दको नेपाली रूपान्तरण हो । ल्याटिन भाषाको 'कुरेरे' शब्दबाट निर्मित करिकुलम शब्दले दौडको मैदान अर्थात् धावन मार्गको अर्थ दिन्छ । त्यसैले निर्धारित उद्देश्यसम्म पुग्नका लागि बनाइएको धावन मार्गरूपी कार्यक्रमको रूपमा पाठ्यक्रमलाई अर्थ्याइएको पाइन्छ (शर्मा, २०६४ : ६) । त्यसैले पाठ्यक्रमको शाब्दिक अर्थ लगाउँदा पाठ्य कुराहरूको क्रम वा सिलसिला भन्ने बुझिन्छ ।

### ३.१.२ पाठ्यक्रमको सङ्कुचित अर्थ

सङ्कुचित अर्थबाट हेर्दा पाठ्यक्रमलाई पाठ्यांशमा मात्र सीमित राखिएको पाइन्छ । पाठ्यांश भन्नाले पाठ्य+अंश अर्थात् शैक्षिक अवधिमा शिक्षकले पढाउने विषयवस्तु भन्ने बुझिन्छ । यो पाठ्यक्रम प्रतिको परम्परावादी धारणा हो । यसलाई कोर्स, विषयवस्तु, पाठ्यांश जस्ता शब्दद्वारा पनि बुझाइन्छ । यी कुनैले पनि पाठ्यक्रमको व्यापक अर्थलाई समेट्न सकेका छैनन् ।

### ३.१.३ पाठ्यक्रमको व्यापक अर्थ

पाठ्यक्रमको शैक्षिक क्रियाकलापको त्यस्तो सङ्गठित ढाँचा हो । जसमा विद्यालयभित्र र विद्यालय बाहिरका समेत क्रियाकलापहरू समावेश भएको हुन्छ । यसभित्र विद्यार्थी, शिक्षक र समाजका इच्छा चाहनाहरू समावेश हुन्छन् । त्यसैगरी पाठ्यक्रममा शिषाका राष्ट्रिय उद्देश्य, कक्षागत उद्देश्य, पाठ्यांशसँग मिल्दोजुल्दो अध्यापन विधिका साथै मूल्याङ्कन विधिहरू समेत उल्लेख गरिएको हुन्छ (वाग्ले र पौडेल, २०५७ : ३) ।

### ३.१.४ पाठ्यक्रमको परिभाषा

पाठ्यक्रमको शाब्दिक अर्थ तथा सङ्कुचित परिवेश जे जस्तो भए पनि आधुनिक शिक्षाविद्हरूले यसलाई आ-आफ्नै किसिमले परिभाषित गरेका छन् ।

पाठ्यक्रमका बारेमा सेलर र अलेक्जेन्डरले विद्यालयभित्र र बाहिरको वातावरणमा अपेक्षित उद्देश्य प्राप्त गर्न गरिने सम्पूर्ण प्रयासहरूलाई पाठ्यक्रम भनेका छन् (पौडेल, २०६७ : २) । पाठ्यक्रमका सम्बन्धमा आफ्ना विचारहरू व्यक्त गर्दै क्रो. एन्ड क्रोले शैक्षिक कार्यक्रमहरू पूरा गर्न विकासात्मक, संवेगात्मक, सामाजिक, अध्यात्मिक र नैतिक साधनका रूपमा विद्यालयभित्र र बाहिर हुने अनुभवहरू समावेश गरिएको बृहत् कार्यक्रम नै पाठ्यक्रम हो (शर्मा, २०६४ : ६) । पाठ्यक्रमका बारेमा फ्रोबेलले यसो भनेका छन् - "पाठ्यक्रमलाई मानव जातिको सम्पूर्ण ज्ञान र अनुभवको सार सम्झनु पर्दछ (बन्धु र भण्डारी, २०६७ : ५७) । यसैगरी राष्ट्रिय शिक्षा पद्धति योजना २०२८ अनुसार पाठ्यक्रम भन्नाले शिक्षाको लक्ष्य हासिल गर्नका लागि बनाइएको शैक्षिक कार्यक्रम हो (ढुङ्गेल र दाहाल, २०६५ : ४३) ।

यसरी विभिन्न विद्वानहरूका पाठ्यक्रम सम्बन्धी धारणालाई अघि सार्दा स्पष्ट रूपमा के भन्न सकिन्छ भने निर्दिष्ट उद्देश्य प्राप्तिका लागि विद्यालयको हाताभित्र वा बाहिर गरिने योजनाबद्ध शिक्षण सिकाइ क्रियाकलाप मार्गनिर्देशन गर्ने काम पाठ्यक्रमले गरेको हुन्छ । यसले विद्यार्थीहरूको सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउँछ । पाठ्यक्रममा विद्यार्थीहरूका इच्छा, चाहना र आवश्यकताहरूको पहिचान गरी विभिन्न तहका शैक्षिक उद्देश्य किटान गरिएको हुन्छ । उद्देश्य अनुसारका विषयवस्तुहरूको शिक्षण के-कस्ता विधिहरू, सामग्री र कार्यक्रमहरू छनोट गर्ने भनेर किटान गर्ने काम पाठ्यक्रममा गरिएको हुन्छ । पाठ्यक्रममा अपेक्षित उद्देश्यहरू पूरा भए भएनन् भनी जान्नका लागि के-कस्ता मूल्याङ्कनका प्रविधिहरू (औपचारिक, अनौपचारिक र निरन्तर) अवलम्बन गर्ने भनेर उल्लेख गरिएको शिक्षण कार्यक्रमको बृहत् तथा विशिष्ट योजना नै पाठ्यक्रम हो ।

## ३.२ भाषापाठ्यक्रमको परिचय र परिभाषा

**भाषाका सम्पूर्ण पक्षहरू वा कुनै भाषिक भेद सिकाउने उद्देश्यले निर्माण गरिएको पाठ्यक्रम नै भाषापाठ्यक्रम हो** (गौतम, २०६१ : १२०) । भाषालाई मानवीय विचार विनिमयको शसक्त र प्रभावकारी माध्यमका रूपमा लिइन्छ । जसले जीवन जगतको समग्र ज्ञान, विज्ञान, कला, साहित्य, दर्शन, सीप आदिको संरक्षण र सम्बर्द्धन गरेर ज्ञानमूलक धारणा अभिव्यक्तिमूलक सीप प्रदान गरेको छ ।

भाषापाठ्यक्रमका सम्बन्धमा अन्य पाठ्यक्रममा जस्तो व्यापक परिभाषाहरू पाइँदैनन् । केही परिभाषाहरू उल्लेख गरी निष्कर्ष निकालिएको पाइन्छ । शान्तिराम ढकालका अनुसार **समसामयिक आवश्यकता भावि चुनौतीको सहज सामना गर्न सक्ने योग्यता र क्षमता सिकारुमा विकसित गर्न बनाइएको शैक्षिक योजनालाई भाषापाठ्यक्रम भनिन्छ** (ढकाल, २०६४ : ५) । भाषापाठ्यक्रमको परिभाषा दिने क्रममा रामप्रसाद गौतमका अनुसार भाषाका चारवटै सीपहरू (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) र तीनवटै पक्ष (शब्दभण्डार, व्याकरण, सम्प्रेषण क्षमता) विकास गराउने उद्देश्य राखिएको हुन्छ (गौतम, २०६१ : १२७) ।

भाषापाठ्यपुस्तकको परिभाषाकै क्रममा भोजराज ढुङ्गेल र दुर्गाप्रसाद दाहालका अनुसार **भाषा सिकाइ अन्तर्गत कुनै पनि खास कक्षा वा स्तरमा दिइने शब्दज्ञान, व्याकरण ज्ञान, मौखिक एवम् लिखित रचना कौशल, बोध एवम् अभिव्यक्ति, संवाद, भाषण तथा अभिनय आदि वार्तालाप सन्दर्भ क्रियाकलाप प्रशिक्षणका निमित्त तयार पारिएको कार्यक्रमको सङ्गठित रूप नै भाषा पाठ्यक्रम हो** (ढुङ्गेल र दाहाल, २०६५ : ५०) ।

उपर्युक्त परिभाषाहरूका आधारमा भाषालाई मानवीय विचार विनिमयको शसक्त र प्रभावकारी माध्यमका रूपमा लिइन्छ । यसले जीवन जगतको समग्र ज्ञान, विज्ञान, कला, साहित्य, दर्शन, सीप आदिको संरक्षण र सम्बर्द्धन गरेर ज्ञानमूलक धारणा र अभिव्यक्तिमूलक सीप प्रदान गरेको छ । भूगोल, क्षेत्र, राष्ट्र, धर्म, समाज, जात आदि कुराहरूले मानव समुदायमा अलग-अलग किसिमका भाषाहरूको अस्तित्व कायम भएको हुन्छ । त्यसैले गर्दा द्विभाषिक अवस्था सिर्जना हुन्छ । प्रशासनिक, व्यक्तिगत, सामाजिक, कानुनी, साञ्चारिक आदि कामका लागि अलग अलग किसिमका भाषा वा एउटै भाषाका क्षेत्रीय, सामाजिक वा विषयगत भेदहरूको जन्म हुने गर्दछ । जसले गर्दा व्यक्तिले सुनिश्चित मानकरूपको साथसाथै प्रयोजनपरक भाषा सिक्नुपर्ने हुन्छ । यसका साथसाथै राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा हुने विभिन्न कार्यहरूमा सरिक हुनका लागि वा एक अर्का भाषिक सम्प्रदायका बीचमा विचार विनिमय गर्नका लागि राष्ट्रभाषा तथा अन्तर्राष्ट्रिय भाषाको समेत ज्ञान तथा सीप प्राप्त गर्नुपर्ने हुन्छ । यही वास्तविकतालाई बुझेर विभिन्न शैक्षिक संस्थाहरूले भाषा शिक्षण कार्यको प्रारम्भ गरेका छन् । तसर्थ भाषा शिक्षणलाई व्यवस्थित, क्रमबद्ध र नियजित बनाउनका लागि निर्माण गरिएको समग्र कार्यक्रमलाई भाषापाठ्यक्रम भनिन्छ ।

## ३.३ पाठ्यक्रम र भाषापाठ्यक्रमका प्रमुख तत्त्वहरू/अङ्गहरू

पाठ्यक्रमका प्रमुख तत्त्वहरूका सम्बन्धमा पाठ्यक्रम विकासको परम्परागत धारणा अनुसार पाठ्यक्रमका तत्त्वहरू भनेर के शिक्षण गर्ने ? कहिले शिक्षण गर्ने ? कसरी शिक्षण गर्ने ? भनेर किटान गरिएको छ । त्यसैगरी हिल्डा तावाको पाठ्यक्रम विकासको विशिष्ट नमुनाअनुसार पाठ्यक्रमका चरणहरू भनेर सातवटा चरणका बारेमा चर्चा भएको पाइन्छ (शर्मा, २०६४ : ६६) -

पहिलो चरण - आवश्यकताको पहिचान

दोस्रो चरण - उद्देश्यहरूको निर्धारण

तेस्रो चरण - विषयवस्तुको छनोट

चौथो चरण - विषयवस्तुको सङ्गठन

पाँचौं चरण - सिकाइ अनुभवहरूको छनोट

छैटौं चरण - सिकाइ अनुभवहरूको सङ्गठन

सातौं चरण - मूल्याङ्कन प्रक्रिया

यसरी विभिन्न कालखण्ड र विभिन्न विद्वानहरूले पाठ्यक्रमका तत्त्वहरूका बारेमा चर्चा गरेको भएता पनि समष्टिगत रूपमा पाठ्यक्रम र भाषापाठ्यक्रमका तत्त्वहरू एकै भएर पनि प्रस्तुति स्वरूपका दृष्टिले भिन्नता देखाउँदै पाठ्यक्रम र भाषापाठ्यक्रमका तत्त्वहरूको निम्नानुसार चर्चा गरिएको पाइन्छ :

### ३.३.१ उद्देश्य

के सिकाउने, किन सिकाउने भन्ने कुराको समग्र रूप नै उद्देश्य हो । उद्देश्यको निर्धारण गर्दा विद्यार्थीको आवश्यकता, रुचि, स्तर, क्षमता, उमेर, कक्षा आदिलाई ख्याल गरिएको हुनुपर्दछ । उद्देश्यलाई साधारण र विशिष्ट गरी आवश्यकता अनुसार वर्गीकरण गरिएको हुन्छ । उद्देश्यमा सधैं सरलता र स्पष्टता जस्ता विशेषताहरू हुन्छन् ।

भाषापाठ्यक्रमका उद्देश्यहरू भाषाका आधारभूत सीपसँग सम्बन्धित हुन्छन् (गौतम, २०६१ : १२८) । श्रवणकला, वक्तृत्वकला, वाचनकला, लेखनकलासँग सम्बन्धित उद्देश्यहरू रहनु भाषापाठ्यक्रमको मुख्य पहिचान हो । भाषापाठ्यक्रममा भाषा प्रमुख र विषयवस्तु

गौण रहन्छ । तसर्थ सुनाइ, बोलाइ, पढाइ, लेखाइ व्याकरण सम्बन्धी ज्ञान, वाक्य उत्पादन, बोध क्षमताको विकास, शब्दभण्डारको वृद्धि आदिमा नै भाषापाठ्यक्रमका उद्देश्यहरू आधारित हुन्छन् ।

### ३.३.२ विषयवस्तु

निर्धारित उद्देश्य परिपूर्तिका लागि के कस्ता विषयवस्तु राख्न सकिन्छ, साथै पाठ्यक्रममा विषयवस्तुले यो यो कुरा सिकाउने, पढाउने र यो क्रममा पढाउने भन्ने कुराको पर्याप्त जानकारी दिएको हुन्छ । पाठ्यक्रममा राखिएका विषयवस्तुहरू विद्यालयको समय, विद्यार्थी क्रियाकलाप र बौद्धिक स्तरअनुसार स्तरीय ज्ञान, सीपहरू सिकेर व्यवहारमा प्रयोग गर्न सकिने खालको हुनुपर्छ । विषयवस्तु पहिलो, दोस्रो र विदेशी भाषा सिकारुका लागि पाठ्यक्रममा भिन्नाभिन्नै पाठ्यकृतिको छनोट गरिएको हुनुपर्दछ (पौडेल, २०६७ : ७) ।

त्यसैले विषयवस्तु अन्य पाठ्यक्रममा झैँ निबन्धात्मक प्रकृतिका पाठ्यवस्तुहरूको छनोट गरिदैन । यसमा सामान्यतः भाषाका आधारभूत सीप विकास गर्ने शब्दभण्डार विकास गर्ने, विधागत विविधतायुक्त, व्याकर्णिक क्षमता वृद्धि गर्ने, ज्ञान, विज्ञान, कला, साहित्य जस्ता विविध संवाद सङ्कथनसँग सम्बन्धित पाठहरू छनोट गरिएको हुन्छ ।

### ३.३.३ शिक्षण प्रक्रिया तथा विधि

पाठ्यक्रमले तोकेअनुसार उद्देश्यहरू हासिल गर्नका निम्ति निर्धारित विषयवस्तुलाई कसरी शिक्षण गर्ने भन्ने कुराको स्पष्ट सूचना नै शिक्षण प्रक्रिया हो (वाग्ले र पौडेल, २०५७ : १८) । यसमा के कस्ता विषयवस्तु शिक्षणका लागि कुन विधि उपयुक्त हुन्छ, त्यस विधि सँगसँगै कुनकुन शिक्षण सामग्रीहरूको प्रयोग गर्न सकिन्छ भनेर गरिएका सम्पूर्ण क्रियाकलापहरू नै शिक्षण प्रक्रिया अन्तर्गत पर्दछन् ।

भाषापाठ्यक्रमको शिक्षण प्रक्रिया भाषिक सीपको विकास गर्ने प्रकृतिका हुन्छन् । त्यसैले अभ्यास तथा पुनरावृतिमा ज्यादा जोड दिइन्छ । यसमा अभिनय, खोज, अभ्यास, आवृति, श्रतिबोध, प्रश्नोत्तर, छलफल, प्रदर्शन आदि विधिको प्रयोग गरिन्छ र सामान्यतः विद्यार्थी केन्द्रित विधिहरू बढी प्रयोग हुन्छन् । सकेसम्म शिक्षकको भूमिका न्यून राखी विद्यार्थी सहभागितामा वृद्धि गर्ने क्रियाकलापहरू भाषा पाठ्यक्रममा सिफारिस गरिएका हुन्छन् ।

### ३.३.४ मूल्याङ्कन प्रक्रिया

मूल्याङ्कनलाई शैक्षिक कार्यक्रमको अभिन्न अङ्गका रूपमा लिन सकिन्छ । पाठ्यवस्तुमा समेटिएका विभिन्न विषयवस्तुहरू उद्देश्य अनुरूप तथा शिक्षण प्रक्रियाहरू समाजको आवश्यकतामा आधारित विद्यार्थी केन्द्रित तथा समय सापेक्ष छ छैन भन्ने कुराको निर्णय गर्ने काम पाठ्यक्रम मूल्याङ्कन भित्र पाइन्छ (ढुङ्गेल र दाहाल, २०६५ : ४९) । मूल्याङ्कनबाट कार्यक्रमका लागि पृष्ठपोषण प्राप्त हुन्छ । तह र स्तर अनुसार पाठ्यक्रम र पाठ्यपुस्तकहरू पनि उपयुक्त र व्यवहारिक छन् कि छैनन् भनेर पनि मूल्याङ्कन गरिन्छ ।

भाषापाठ्यक्रम मूल्याङ्कन प्रक्रियाका दृष्टिले व्यापक र विस्तृत देखिन्छ । मौखिक, लिखित, प्रयोग, सन्दर्भ, श्रुतिबोध, वक्तृता, पठनबोध, नाटकीकृत, सम्वादात्मक उच्चारणगत, शब्द निर्माणगत, चिठीलेखन, निबन्ध लेखन आदि विभिन्न पक्षको मूल्याङ्कन भाषापाठ्यक्रममा उल्लेख गरिएको हुन्छ ।

यसरी भाषापाठ्यक्रम र अन्य पाठ्यक्रममा व्यापक विविधता र विशिष्टता रहेको हुन्छ । भाषापाठ्यक्रममा अङ्कभार र समयभार भाषिक सीपसम्बद्ध रहन्छन् तर अन्य पाठ्यक्रममा वैषयिक क्षेत्र तिनको एकाइसम्बद्ध बनाएर प्रस्तुत गरिएको हुन्छ । यस्ता विविध कुराहरूका आधारमा पाठ्यक्रम र भाषापाठ्यक्रमलाई व्यतिरेक गर्ने गरिएको पाइन्छ ।

## ३.४ कक्षा ११ (२०६७) को अनिवार्य नेपाली भाषापाठ्यक्रमको उद्देश्य

यो पाठ्यक्रम उच्च माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरूको नेपाली भाषासम्बन्धी आधारभूत क्षमताको विकासका लागि राखिएको हो । यस पाठ्यक्रममा मूलतः विद्यार्थीको पढाइ, लेखाइ क्षमताको विकासका लागि आवश्यक पर्ने पाठ्यवस्तुहरू समावेश गरिएको पाइन्छ । यसका लागि रचनाको पठन र आस्वादन, व्याकरण बोध र अभिव्यक्तिलाई अन्तरसम्बन्धित गराई प्रस्तुत गरिएको छ ।

### ३.४.१ साधारण उद्देश्य

यस पाठ्यक्रमले विद्यार्थीहरूमा निम्नलिखित क्षमताको अभिवृद्धि गर्नेछ भनी किटान गरेको छ :

- स्तरअनुरूप विभिन्न विषय क्षेत्रमा प्रयोग हुने विविध प्रकृतिका कथ्य र लेख्य सामग्रीको पठनबोध र अभिव्यक्ति क्षमता बढाउनेछ ।
- निर्धारित साहित्यिक रचनाहरूको पठन र आस्वादन गरी विषयवस्तु, परिवेश र उद्देश्यबारे कथ्य वा लेख्य अभिव्यक्तिको क्षमता बढाउनेछ ।
- नेपाली लेखनका क्रममा हुने भाषिक त्रुटिहरू प्रति सचेत भई तिनको निराकरण गर्ने सीप प्रदान गर्नेछ ।
- व्यवहारिक लेखन सम्बन्धी अभिव्यक्ति क्षमताको विकास गर्नेछ ।
- व्याकरणका माध्यमबाट शुद्ध र स्तरीय नेपाली भाषाको प्रयोग गर्न सक्षम तुल्याउनेछ (पौडेल, २०६७ : ४०३) ।

## ३.४.२ विशिष्ट उद्देश्य

यो पाठ्यक्रमको शिक्षण पूरा गरेपछि विद्यार्थीहरू निम्नलिखित कुराहरूमा सक्षम हुनेछन् भनी किटान गरिएको छ :

- नेपाली भाषाको उच्चारण प्रक्रियासँग परिचित भई शुद्धसँग उच्चारण गर्न,
- ज्ञान विज्ञानका विभिन्न क्षेत्रमा प्रयुक्त गद्यांशहरू विभिन्न प्रयोजनका लागि पढी उत्तर दिन,
- निर्धारित पाठ तथा रचनाहरूलाई विषयवस्तु, भाव, पात्र, परिवेश र भाषाशैलीका आधारमा अध्ययन गर्न,
- नेपाली लेखनमा शुद्ध वर्णविन्यासको प्रयोग गर्न,
- विभिन्न वर्गका शब्दहरूको रूपायन गर्न र सो अनुरूप प्रयोग गर्न,
- विभिन्न प्रक्रियाबाट शब्दहरूको निर्माण गर्न,
- वाक्यका आधारभूत तत्त्वको पहिचान गरी वाक्य निर्माण गर्न,
- व्यावहारिक प्रयोजनका लागि आवश्यक पर्ने पत्र, विज्ञापन, सूचना, पाठक प्रतिक्रिया, व्यक्तिगत विवरण (वायोडाटा) तयार गर्न,
- स्तर अनुरूपका निबन्ध टिप्पणी र प्रतिवेदन लेख्न (पौडेल, २०६७ : ४०३) ।

### ३.५ कक्षा एघार (२०६७) को अनिवार्य नेपाली विषयको पाठ्यक्रम

| क्र.सं. | पाठ | व्याकरण | बोध | अभिव्यक्ति | kf&\o ef/ |
|---|---|---|---|---|---|
| 1 | कविता :<br>नेपालै नरहे<br>माधव घिमिरे | अ) नेपाली वर्ण (कथ्य र लेख्य) वर्णको पहिचान<br>क) स्वर ख) व्यञ्जन<br>उच्चार्य व्यञ्जन वर्णको वर्गीकरण (स्थान, प्रयत्न, घोषत्व र प्राणत्व) | सामाजिक विषय (भाषा, जाति र संस्कृति)सम्बन्धी अनुच्छेदको बोध | -कविताको भावार्थ लेखन<br>- सामाजिक/सांस्कृतिक विषयमा अनुच्छेद लेखन | 7 |
| 2 | कथा : छिमेकी<br>गुरुप्रसाद<br>मैनाली | अ) नेपाली अक्षरको पहिचान<br>आ) नेपाली अक्षरका प्रकार<br>(स्व, स्वव्य, व्यस्व, व्यस्वव्य, व्यव्यस्व, व्यव्यस्वव्य, व्यव्यव्यस्व)<br>इ) शब्दलाई अक्षरमा विभाजन | वातावरण र स्वास्थ्य सम्बन्धी अनुच्छेदको बोध (प्रदुषण र मानव स्वास्थ्य विषयक) (अनुच्छेदको पठन विषयवस्तु तथा भाषा बोध) | - कथासार लेखन | 7 |
| 3 | निबन्ध :<br>आइमाई साथी<br>श्यामप्रसाद<br>शर्मा | अ) तत्सम र आगन्तुक शब्दको वर्णविन्यासका प्रमुख समस्या क्षेत्र र त्रुटिहरूको पहिचान तथा निराकरण<br>आ) शब्दवर्ग : नाम, सर्वनाम, विशेषण र क्रियाको पहिचान<br>इ) भाषिक त्रुटि निराकरणमा शब्दकोषको प्रयोग र अभ्यास | निबन्धको अनुच्छेदबाट बोध र बुँदा टिपोट | - लैङ्गिक समता सम्बन्धी अनुच्छेद लेखन | 8 |
| 4 | कथा :<br>मधुमालतीको<br>कथा | अ) लेख्य चिह्न र तिनको प्रयोग : पूर्णविराम, अर्धविराम, अल्पविराम, कोष्ठ, विकल्पबोधक, प्रश्नविराम, उद्गार, उद्धरण, विस्मयसूचक, निर्देशक र योजक चिह्नको पहिचान र प्रयोग | भूगोल सम्बन्धी अनुच्छेदको बोध र बुँदा टिपोट | - पात्रको परिचय लेखन<br>- अनुच्छेदमा चिह्न प्रयोग | 8 |

| | | | | | |
|---|---|---|---|---|---|
| | रमेश विकल | आ) शब्दवर्ग : नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादिबोधक र निपातको पहिचान | | | |
| 5 | निबन्ध : भलाद्मी लक्ष्मीप्रसाद देवकोटा | नेपाली शब्दको पहिचान, प्रकार र कार्य<br>अ) शब्दको पहिचान आ) शब्दको प्रकार<br>क) स्रोतको आधारमा (तत्सम, तद्भव, आगन्तुक, अनुकरणात्मक)<br>ख) संरचनाको आधार (मूल र व्युत्पन्न)<br>ग) रूपायनको आधार (विकारी र अविकारी) | निबन्धको मूल विचार र आशयको बोध | - निबन्धको मूल भाव/ विचारको प्रस्तुति<br>- निबन्ध लेखन (सामाजिक, सांस्कृतिक विषयमा आधारित) | 7 |
| 6 | कविता : हर्कबहादुर दिनेश अधिकारी | क) उपसर्गद्वारा शब्द निर्माण<br>अ) अ, अन, कु, बि, बे, बद, गैर, ना,<br>आ) अ, अनु, अधि, अभि, अति, अव, अप, आ, उत्, दु, दुर्,दुस, नि, निः, निस्, परा, परि, प्र, प्रति, वि, सम्, सु<br>ख) द्वित्व प्रक्रियाद्वारा शब्द निर्माण (पूर्ण, आंशिक र आपरिवर्तित द्वित्व शब्द निर्माण) | शिक्षासम्बन्धी अनुच्छेदको बोध | निर्धारित अनुच्छेदको सङ्क्षेपीकरण | 10 |
| 7 | उपन्यास : एक चिहान हृदयचन्द्रसिंह प्रधान | क) प्रत्ययद्वारा शब्द निर्माण :<br>अ) अक्कड, उत, अन्त, आइँ/याइँ, आउ, आली, आलु, आवट, आहा/याहा, इया<br>आ) यार, इलो, ई, उवा, ए, एली, ओ, ओट, औली/यौली, ती, | निर्धारित अंशबाट बुँदा टिपोट र सङ्क्षेपीकरण | पात्र परिचय लेखन | 10 |

| | | | | | |
|---|---|---|---|---|---|
| | | पन/पना, ली, ले<br>इ) अक, अन, अनीय, इक, इत, ई, ईन/ईण, ईय, क, तर, तम, तव्य, ता, ति, त्व, मय, मान, वान, य<br>ख) समास : अव्यीभाव, तत्पुरुष, कर्मधारय, द्विगु (विग्रह र समास) (उपन्यासको अंशबाट प्रत्यय लागेका व्युत्पन्न शब्दको खोजी गरी थप शब्द निर्माण तथा निर्धारित अंश र अनुच्छेदबाट समस्त शब्दको खोजी) | | | |
| 8 | निबन्ध : म फुल लिएर आउनेछु<br>सुधा त्रिपाठी | क) समास प्रक्रियाबाट शब्द निर्माण (द्वन्द्व र बहुब्रीहि समास)<br>ख) सन्धि र सन्धि भएका शब्दको पहिचान<br>ग) वाक्यको पहिचान र प्रयोग<br>– उद्देश्य र उद्देश्य विस्तार<br>– विधेय र विधेय विस्तार<br>– क्रियाका काल (भूत अभूत)<br>– पक्ष : सामान्य, अपूर्ण, पूर्ण, अज्ञात, अभ्यस्त<br>– क्रियाका भाव : सामान्य, आज्ञा, इच्छा, सम्भावना र सङ्केत | निर्धारित अंशको पठन र विषय बोध (निर्धारित अंशको अनुच्छेदबाट बुँदा टिपोट गरी सङ्क्षेपीकरण) | - सरल वाक्य (उद्देश्य, उद्देश्य विस्तार, विधेय, विधेय विस्तार भएका) मा कुनै विषयवस्तु, घटना आदिको वर्णन<br>- विभिन्न काल र पक्षको प्रयोग गरी अनुच्छेद लेखन<br>- विभिन्न भावका क्रियाको प्रयोग गरी अनुच्छेद लेखन । | 10 |
| 9 | कविता : मानुषी | पदक्रम<br>क) सामान्य पदक्रम | वाणिज्य क्षेत्रसँग सम्बन्धित अनुच्छेदको बोध | - निर्धारित कविताको अध्ययनमा आधारित भई | 6 |

| | | | | | |
|---|---|---|---|---|---|
| | पारिजात | ख) विशिष्ट पदक्रम (कविताका पङ्क्तिबाट सामान्य र विशिष्ट पदक्रमको अध्ययन) | | कुनै कृतिको पाठक प्रतिक्रिया लेखन । | |
| 10 | कथाः रातभरि हुरी चल्यो<br>इन्द्रबहादुर राई | क) कारक र विभक्ति<br>अ) सरल र तिर्यक् कारक<br>आ) कारक : कर्ता, कर्म, करण, सम्प्रदान, अपादान, अधिकरण<br>ख) कारकीय अर्थ, विभक्तिको प्रयोग र पहिचान<br>ग) ले, लाई, बाट, द्वारा, को, का, की, रो, रा, री तथा नो, ना, नी, मा को प्रयोग | कानुन तथा प्रशासनसँग सम्बन्धित अनुच्छेदको बोध | - सरल र तिर्यक् कारकको प्रयोग गरी कुनै विषय, घटना आदिको वर्णन<br>- विभिन्न कारकको प्रयोग गरी अनुच्छेद रचना<br>- व्यक्तिगत विवरण (बायोडाटा) | 6 |
| 11 | कविता : मेरो देश<br>भूपी शेरचन | क) तद्भव र तत्सम शब्दको वर्ण विन्यास<br>ख) निर्धारित अनुच्छेदबाट तत्सम र तद्भव शब्दहरूको पहिचान | समाजशास्त्र सम्बन्धी अनुच्छेदको बोध | - पदपूर्ति सम्बन्धी विज्ञापन लेखन<br>- व्यवसायिक विज्ञापन लेखन | 7 |
| 12 | निबन्ध : आलु<br>भैरव अर्याल | क) पदसङ्गति<br>अ) लिङ्ग (पुलिङ्ग, स्त्री लिङ्ग)<br>आ) वचन (एकवचन, बहुवचन)<br>इ) पुरुष (प्रथम, द्वितीय, तृतीय) | क) निबन्धको निर्धारित अनुच्छेदको बोध र प्रश्नोत्तर<br>विज्ञान प्रविधि सम्बन्धी अनुच्छेदको बोध | लिङ्ग, वचन, पुरुष, आदर मिलाई सूचना लेखन | 8 |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ई) आदर (आदर, अनादर)<br>ख) शब्द भण्डार(प्राविधिक, पारिभाषिक शब्दको अध्ययन) | | | |
| 13 | कथा : शत्रु<br>विश्वेश्वरप्रसाद<br>कोइराला | क) सरल, संयुक्त र मिश्र वाक्यको पहिचान र प्रयोग<br>ख) निर्धारित कथाबाट सरल, मिश्र र संयुक्त वाक्यको पहिचान | सञ्चारसँग सम्बन्धित<br>अनुच्छेदको बोध | - टिप्पणी लेखन/<br>सम्पादकलाई चिठी<br>लेखन | 7 |
| 14 | उपन्यास : एक<br>चिहान<br>हृदयचन्द्रसिंह<br>प्रधान | वाक्यान्तरण<br>क) संरचनागत (सरल, मिश्र, संयुक्त)<br>ख) वाच्यगत (कर्तृ, कर्म, भाव)<br>ग) कथन (प्रत्यक्ष, अप्रत्यक्ष)<br>घ) ध्रुवीयता (करण अकरण)<br>ङ) वाक्य संश्लेषण | कृषि र वन सम्बन्धी<br>अनुच्छेदको बोध | - निबन्ध (स्वास्थ्य,<br>विज्ञान र प्रविधि,<br>नागरिक अधिकार र<br>दायित्व,आर्थिक<br>विकास आदि) | 6 |
| 15 | कथा :<br>हारजित<br>भवानी भिक्षु | वाक्य संश्लेषण (सरल वाक्यहरूलाई मिश्र र संयुक्त वाक्यमा संस्लेषण) | कानुन, न्याय तथा मानव<br>अधिकारसँग सम्बन्धित<br>अनुच्छेदको बोध | प्रतिवेदन लेखन (गोष्ठी,<br>भ्रमण, घटना आदिको) | 10 |
| 16 | निबन्ध : खाद्य<br>सङ्कट र<br>जैविक विविधता<br>डा. तीर्थबहादुर<br>श्रेष्ठ | शब्द भण्डार (प्राविधिक तथा पारिभाषिक शब्द) | ग्रामीण विकाससँग सम्बन्धित<br>अनुच्छेदको बोध | विज्ञान र प्रविधिसँग<br>सम्बन्धित अनुच्छेद<br>लेखन (जैविक विविधता,<br>वातावरण,<br>पुनर्नवीकरणीय ऊर्जा, | 10 |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | विद्युतीकरण, आर्थिक विकास) | |
| 17 | एकाङ्की : नालापानीमा बालकृष्ण सम | – क्रियाका भाव<br>– उक्ति परिवर्तन<br>– वर्ण र अक्षर | भाषा र साहित्यसँग सम्बन्धित अनुच्छेदको बोध | व्यवहारिक लेखन (समवेदना, श्रद्धाञ्जलि, बधाइ, शुभकामना) | 10 |
| 18 | कविता : कान्छी, भट्टी र देश, कृष्णसेन 'इच्छुक' | क्रियाका काल र पक्ष | इन्जिनियरिङ सम्बन्धी अनुच्छेदको बोध | - पत्र रचना (निवेदन, व्यवसायिक निमन्त्रणा)<br>- विज्ञापन | 6 |
| 19 | नाटक : बौलाहा काजीको सपना विजय मल्ल | वाक्यका प्रकार र वाक्यान्तरण | समाजशास्त्र सम्बन्धी अनुच्छेदको बोध | टिप्पणी लेखन<br>- कानुन र नागरिक अधिकार<br>- सञ्चार माध्यम र जिम्मेवारी<br>- जनता, जाति र भाषा | 10 |

## ३.६ भाषापाठ्यपुस्तकको परिचय र परिभाषा

### ३.६.१ भाषापाठ्यपुस्तकको परिचय

भाषा शिक्षण गर्ने उद्देश्यद्वारा निर्मित पाठ्यपुस्तकलाई भाषापाठ्यपुस्तक भनिएको पाइन्छ (गौतम, २०६१ : २३६) । भाषापाठ्यपुस्तक भाषापाठ्यक्रम अनुसार तयार पारिएको हुन्छ । जसमा विद्यार्थीहरूको कक्षा तह स्तर पूर्वज्ञान र पूर्वअनुभव जस्ता कुराहरूलाई ख्याल गरेर पाठ्यक्रमले तय गरेका उद्देश्यहरू पूरा गर्नका लागि आवश्यक पर्ने पाठ्यांशहरूलाई समावेश गरिएको हुन्छ । तसर्थ भाषापाठ्यपुस्तक भाषापाठ्यक्रमका उद्देश्यहरू पूरा गर्नका लागि निर्माण गरिएको आधिकारिक सामग्री हो; जसलाई विद्यार्थी र शिक्षकले महत्त्वपूर्ण सामग्रीका रूपमा प्रयोग गर्दछन् । भाषापाठ्यपुस्तकमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपसँग सम्बन्धित कार्यकलापका निम्ति विद्यार्थीहरूले पर्याप्त अवसर पाउने पाठ्यवस्तुको छनोट गरिएको हुन्छ (बन्धु, २०६७ : ११३) ।

### ३.६.२ भाषापाठ्यपुस्तकको परिभाषा

भाषापाठ्यपुस्तकका बारेमा दिएका बेग्लै परिभाषाहरू त्यति छैनन् । त्यसैले समग्र पाठ्यपुस्तकका बारेमा दिइएका परिभाषाहरूबाटै भाषापाठ्यपुस्तकका परिभाषाहरू खोज्नुपर्ने देखिन्छ (पौडेल, २०६७ : १२७) । भाषापाठ्यपुस्तक सम्बन्धी परिभाषाहरू निम्नानुसार रहेका छन् :

रामप्रसाद गौतमका अनुसार **सिकाइका उद्देश्यले सरल तरिकाले सङ्गठित रूपमा ज्ञान प्रस्तुत गर्ने पुस्तक नै भाषापाठ्यपुस्तक हो । भाषापाठ्यपुस्तकले के सिकाउने मात्र नभई कसरी सिकाउने भन्ने कुरा पनि बताउने हुनाले यो सबभन्दा महत्त्वपूर्ण शिक्षण सामग्री हो** (गौतम, २०६१ : १३६) । त्यसैगरी भाषापाठ्यपुस्तकका सम्बन्धमा ह्यालिडेले **भाषापाठ्यपुस्तक शिक्षकका लागि सामग्रीको निर्माता, भाषिक विषयवस्तु पढाउने योजना बनाउने साधन, आफ्ना विद्यार्थीको प्राप्ति वा मूल्याङ्कनको आधार र उपलब्धि निर्धारणको पृष्ठभूमिमा भाषिक कार्यलाई सुबोध बनाउने माध्यम हो** (पौडेल र अन्य, २०६७ : ५१) । कनिङजवर्थका अनुसार **भाषापाठ्यपुस्तक भाषासिकाइ प्रक्रियाको एउटा सामग्री हो । यसमा विद्यार्थीको आवश्यकतालाई कक्षाकोठासँग सम्बन्धित बनाइएको हुन्छ । विद्यार्थी र शिक्षकले**

**आफ्नो अवस्थाअनुसार सुहाउँदो सिकाइ विधिमा आधारित भएर पाठ्यपुस्तकको उपयुक्त किसिमले प्रयोग गर्दछन्** (ढुङ्गेल र दाहाल, २०६५ : ९५) ।

उपर्युक्त परिभाषाहरूका आधारमा भाषापाठ्यपुस्तक भन्नाले पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्य पूरा गर्ने आधिकारिक पाठ्यसामग्री पाठ्यक्रमको सीमाभित्र रही निर्मित शिक्षक विद्यार्थीका लागि उपयोगी सामग्री खास तह कक्षाका लागि अध्ययन अध्यापन र अभ्यासमा केन्द्रित सामग्री शिक्षकका लागि सामग्री निर्माण र शिक्षक योजना निर्माण गर्ने महत्त्वपूर्ण साधन साथै विद्यार्थीहरूलाई कक्षाकार्यकलाप, गृहकार्य अभ्यास, स्वाध्ययन जस्ता कार्यकलापमा सरिक गराउने आवश्यक साधनका रूपमा भाषा पाठ्यपुस्तकलाई चिनाउन सकिन्छ ।

### ३.६.३ भाषापाठ्यपुस्तकको प्रयोजन र महत्त्व

भाषापाठ्यपुस्तक लेखन तथा सम्पादन विषयविज्ञहरूको संलग्नतामा हुने उनीहरूबाट नै परिष्कार तथा परिमार्जन हुने भएकाले यसमा व्यक्तिगत आग्रह पूर्वाग्रह हुँदैन । यसमा शिक्षकले के पढाउने, कसरी पढाउने भन्ने जस्ता कुराको सम्पूर्ण पक्षलाई समेटिएको हुन्छ भने अर्कातिर सम्बन्धित विद्यार्थीहरूलाई आवश्यक पाठ्यसामग्री र अभ्यासात्मक सामग्री एवम् कार्यकलापहरू उपलब्ध गराउँछ (पौडेल, २०६७ : १३२) । यसरी भाषापाठ्यपुस्तकका सन्दर्भहरूबाट यसको प्रयोजन र महत्त्वलाई औँल्याइएको पाइन्छ :

- शिक्षकलाई योजनाबद्ध र प्रभावकारी भाषा शिक्षण गर्न मद्दत पुऱ्याउनु,
- पठनपाठन कार्यलाई सरल, सहज तथा व्यवहारिक बनाउनु,
- विद्यार्थीहरूको व्यक्तिगत विकासमा मद्दत पुऱ्याउनु,
- विधागत विविधता तथा तिनको संरचनागत भिन्नताको जानकारी दिनु,
- भाषा तथा व्याकरणको अभेद्द सम्बन्धलाई प्रस्तुत गर्नु,
- विभिन्न शिक्षण सामग्री मूल्याङ्कन प्रक्रियाका विषयमा हासिल गर्नु,
- विद्यार्थीले भाषा कुन प्रयोजनका लागि सिक्दैछ ? त्यसै क्षेत्रमा प्रयुक्त र उपयोगी हुने भाषिक ज्ञान प्रदान गर्नु,
- विषयगत विविधताको जानकारी दिनु,

- विद्यार्थीहरूलाई पहिलो भाषा र भाषिकागत प्रभावबाट जोगाएर स्तरीय र मानक भाषिक स्वरूपतर्फ उन्मुख हुनु,
- शिक्षकलाई पाठ्यवस्तुको छनोट र स्तरण गर्ने झन्झटबाट मुक्ति दिनु ।

## ३.६.४ भाषापाठ्यपुस्तकका विशेषताहरू

रामप्रसाद गौतमका अनुसार भाषापाठ्यपुस्तकमा भाषिक ज्ञान प्राप्त हुने खालका विशेषताहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

- भाषापाठ्यपुस्तकमा भाषा प्राथमिक र विषयवस्तु गौणरूपमा रहेका हुन्छन् ।
- यसमा विभिन्न क्षेत्र (इतिहास, भुगोल, अर्थशास्त्र, मनोविज्ञान, साहित्य) बाट पाठहरू लिइएका हुन्छन् ।
- यसमा भाषा नै साधन र भाषा नै साध्य हुन्छ ।
- भाषापाठ्यपुस्तकमा धेरै विधाहरूको समावेश गरिएको हुन्छ ।
- भाषापाठ्यपुस्तकमा भाषिक सीपलाई जोडदिनुका साथै सीपपरक र अभ्यासपरक हुन्छन् ।
- यसमा आत्मपरक, वस्तुपरक, भावपरक अलङ्कारिक सबै प्रकारका शैलीमा लेखिएका पाठहरू समावेश गरिएको हुन्छ ।
- भाषापाठ्यपुस्तकमा साहित्य र साहित्त्येतर दुवै प्रकारका पाठहरू समावेश गरिएको हुन्छ ।
- यसमा भाषातत्त्व र व्याकरणसँग सम्बन्धित प्रशस्त अभ्यासहरू समावेश गरिएको हुन्छ ।
- भाषापाठ्यपुस्तकमा विविध क्षेत्रका शब्दभण्डारलाई समावेश गरिएको हुन्छ ।

## ३.६.५ भाषापाठ्यक्रम र भाषापाठ्यपुस्तकको सम्बन्ध

भाषापाठ्यक्रममा भाषाशिक्षणका उद्देश्यहरू विषयवस्तु, छनोट, क्रम क्षेत्र, शिक्षण प्रक्रिया तथा मूल्याङ्कन जस्ता कुराहरू समावेश गरिएको हुन्छ । भाषापाठ्यक्रमकै लक्ष्य र उद्देश्यहरूमा केन्द्रित भएर भाषापाठ्यपुस्तक तयार गरिएको हुन्छ (पौडेल र अन्य, २०६७ : ५०) । यदि भाषा पाठ्यपुस्तकले भाषापाठ्यक्रमभन्दा बाहिर रहेर पाठ्यवस्तुको प्रस्तुति गर्यो

भने त्यो पाठ्यपुस्तकले विद्यार्थी र शिक्षकमा नकरात्मक प्रभाव पार्न सक्छ । यी दुईका बीचको सम्बन्धलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

- भाषापाठ्यक्रम शिक्षण सिकाइ कार्यक्रमको बृहत् सैद्धान्तिक योजना हो भने भाषापाठ्यपुस्तक त्यो सैद्धान्तिक योजनालाई व्यवहारमा लागू गर्ने माध्यम हो ।
- भाषापाठ्यक्रम एउटा तहका निम्ति एउटा मात्र हुन्छ तर भाषापाठ्यपुस्तकहरू एकभन्दा बढी हुन सक्छन् ।
- भाषापाठ्यक्रम निर्देशनात्मक शैक्षिक सामग्री हुनुका साथै यसमा स्रोत सामग्रीहरूको उल्लेख गरिएको हुन्छ भने भाषापाठ्यपुस्तकमा अभ्यासमुखी शैक्षिक सामग्रीका साथै स्रोत सामग्रीहरूलाई प्रस्तुत गरिन्छ ।
- भाषापाठ्यक्रम कार्यक्रमको जग हुनाका साथै अपरिहार्य सामग्री हो भने भाषापाठ्यपुस्तक त्यही जगमा तयार पारिने एक साधन र पाठ्यक्रमको एउटा अंश मात्र हो ।
- भाषापाठ्यक्रमको निर्माण प्रक्रियामा शिक्षाविद्, सामाजशास्त्री, शिक्षक, पाठ्यक्रमविद्, विषयविशेषज्ञहरूको संलग्नता रहेको हुन्छ भने भाषापाठ्यपुस्तकमा विषय विशेषज्ञको मात्र संलग्नता रहन्छ ।

यसरी भाषापाठ्यपुस्तकलाई भाषा पाठ्यक्रमका आधारमा तयार पार्ने तथा पाठ्यक्रम अनुसार सुहाउँदो प्रकारले परिमार्जन र सुधार गरी उपयोगी र आकर्षक बनाउन सकिन्छ । त्यसैले यी दुईबीच अटुट सम्बन्ध रहेको कुरा प्रष्ट देखिन्छ ।

## अध्याय : चार

# छनोट तथा स्तरणका आधारमा प्रयुक्त विधाहरूको समीक्षा

भाषापाठ्यपुस्तकमा विधाहरूको छनोट महत्त्वपूर्ण पक्ष मानिन्छ । पाठ्यपुस्तकमा पाठ्यवस्तु प्रस्तुत गर्ने मुख्य आधार भनेकै विधाहरू हुन् । भाषिक पाठ्यवस्तुलाई कथा, कविता, निबन्ध, जीवनी, रूपक, चिठी, दैनिकी, शब्दभण्डार, भाषातत्त्व आदि विभिन्न विधाहरूमा परिणत गरेर भाषापाठ्यपुस्तकमा समावेश गरिएको हुन्छ (पौडेल, २०६८ : १५४) ।

कुनै पनि पाठ्यक्रम तथा पाठ्यपुस्तकको निर्माण गर्दा छनोट र स्तरण दुवैको आवश्यकता पर्दछ । छनोट भनेको सम्बन्धित क्षेत्र वा सन्दर्भका पाठ्यवस्तु तथा पाठ्यसामग्रीहरू विभिन्न स्रोतबाट चुनिनु तथा तिनको सामान्य सूची बनाइनु हो (गौतम, २०६१ : १५४) । स्तरण भनेको छनोट गरिएका पाठ्यवस्तुहरूलाई मनोवैज्ञानिक तथा शैक्षणिक आधारमा क्रमिकरूपमा उकास्तै लैजानु हो । प्रत्येक पछिल्लो विषयवस्तु शिक्षण गर्न अघिल्लो विषयवस्तु पूर्वाधार वा आधार बन्ने हिसाबले स्तरण गरिनु पर्दछ (पौडेल र अन्य, २०६७ : ३१) ।

विश्लेष्य पाठ्यपुस्तकमा समेटिएका विभिन्न विधाहरूको छनोट र स्तरण निम्नानुसार गरिएको छ :

### ४.१ छनोटका आधारमा कविता विधाको समीक्षा

तालिका नं. १

<table>
<tr><th>निर्देशित क्षेत्र</th><th>पाठहरू</th><th>समेटिएका क्षेत्र</th></tr>
<tr><td rowspan="5">१) नीति प्रधान<br>२) समाज प्रधान<br>३) संस्कृति प्रधान<br>४) प्रकृति प्रधान<br>५) इतिहास प्रधान<br>६) राष्ट्रप्रेम प्रधान<br>७) धर्म प्रधान</td><td>नेपालै नरहे</td><td>राष्ट्र प्रेम, इतिहास र संस्कृति प्रधान</td></tr>
<tr><td>हर्कबहादुर</td><td>समाज, मानवता र राष्ट्रियता प्रधान</td></tr>
<tr><td>मानुषी</td><td>नारीवादी इतिहास र समाजप्रधान</td></tr>
<tr><td>मेरो देश</td><td>प्रकृति प्रेम, राष्ट्रप्रेम र समाजप्रधान</td></tr>
<tr><td>कान्छी, भट्टी र देश</td><td>देशप्रेम, समाज र नारी प्रधान</td></tr>
</table>

माथिको तालिकामा दिइएका निर्देशित क्षेत्र, पाठहरू र तिनले प्रतिनिधित्व गरेको क्षेत्रलाई हेर्दा कक्षा ११ को नेपाली पाठ्यपुस्तकका छनोटमा परेका पाँचवटा कविताका पाठहरूले पाठ्यक्रममा निर्देशित नीतिप्रधान, समाजप्रधान, राष्ट्रप्रेम प्रधान, इतिहास प्रधान, प्रकृतिप्रधान, संस्कृति प्रधान, धर्मप्रधान आदि रहेका पाइन्छन् (पौडेल, २०६८ : १५५) । मूल क्षेत्रबाहेक नारीप्रधान, क्रान्तिकारी चेतना प्रधान, मानवतावादी क्षेत्रलाई समेत प्रतिनिधित्व गरेको पाइन्छ । 'नेपालै नरहे' पहिलो कविता गीतिलयमा लेखिएको पाइन्छ । दोस्रो 'हर्कबहादुर' गद्य लयमा लेखिएको हुनाले कठिन छ तसर्थ उक्त कविताको छनोट अनुपयुक्त ठहरिन्छ । 'मानुषी' कविता गद्यलयमा रचिएको भएता पनि नारी चेतनालाई तिख्खर पार्ने प्रयासमा उक्त कविताको छनोट गर्नु उपयुक्त नै देखिन्छ । त्यसैगरी 'मेरोदेश' कविता पनि गद्यमा नै लेखिएको पाइन्छ । यो कविता विद्यार्थीको स्तरभन्दा बढी भावलाई समेट्ने हुनाले कविता बोध क्षमताका दृष्टिले कठिन अनुभव हुने देखिन्छ । अन्तिम कविताका रूपमा रहेको 'कान्छी, भट्टी र देश' कविता पनि गद्यमा नै लेखिएको देखिन्छ । उक्त कविताले विद्यार्थीहरूमा नकारात्मक प्रभाव पार्न पनि सक्ने हुनाले कविताका शीर्षक कै रूपमा रहेका कान्छी, भट्टी जस्ता शब्द भएका कविताको छनोट गर्नु त्यति उपयुक्त नहुने देखिन्छ ।

समग्रमा हेर्दा उक्त पाठ्यपुस्तकका कविताहरूमा शास्त्रीय छन्दलाई त्यागेर गद्यलयलाई बढी प्राथमिकता दिएको पाइन्छ । नीतिवादी, धर्मप्रधान कवितालाई पाठ्यपुस्तकबाट उपेक्षा गर्दै नारीप्रधान, क्रान्तिकारी चेतना, मानवतावादी कविताका साथै देशप्रेमले ओतप्रोत भएका कविताको बाहुल्यता रहेको पाइन्छ । त्यसैले कवितामा धर्म, नीति प्रधान क्षेत्रलाई समेट्ने खालका कविताहरूलाई पनि समावेश गर्न सकेको खण्डमा विद्यार्थीहरूमा धर्मप्रतिको आस्था प्रगाढ हुने थियो । अधिकांश कविता गद्यलयमा लेखिएको पाइन्छ । त्यसमा शास्त्रीय छन्दका कवितालाई पनि समेट्न सके अझ प्रभावकारी हुने देखिन्छ ।

## ४.२ स्तरणका आधारमा कविता विधाको समीक्षा

छनोट गरिएका कवितालाई स्तरण गर्दा सुरुमा लयात्मक सरल कविताको प्रयोग उचित हुने हुनाले यस पाठ्यपुस्तकमा पनि 'नेपालै नरहे' भन्ने राष्ट्रप्रेमले भरिएको कविता सुरुमा राखिएको पाइन्छ । कविताका पाठहरू राख्ने क्रममा कतै थोरै पाठको अन्तरमा राखिएको छ भने कतै बढी अन्तरमा राखिएको पाइन्छ । पाठ्यपुस्तकमा रहेका उन्नाइस वटा पाठहरू मध्ये पहिलो, छैटौं, नवौं र एघारौं अनि अठारौं पाठमा कविता समावेश

गरिएको छ । दोस्रो, तेस्रो र चौथो कविताको पाठ अन्तर ठिकै भए पनि पहिलो र अन्तिम कविताको पाठ अन्तर अध्याधिक रहेको पाइन्छ ।

यसरी हेर्दा कविताको स्तरण प्रक्रियामा तालमेल नमिलेको हुनाले कविताको पाठअन्तर बढी भएका पाठहरूलाई मिलाउन सके उपयुक्त हुने देखिन्छ ।

## ४.३ छनोटका आधारमा कथा विधाको समीक्षा

तालिका नं. २

| निर्देशित क्षेत्र | पाठहरू | समेटिएका क्षेत्र |
|---|---|---|
| १) आधुनिक कथा<br>क) सामाजिक कथा<br>ख) मनोवैज्ञानिक कथा | छिमेकी | सामाजिक यथार्थवादी |
| | मधुमालतीको कथा | बालमनोवैज्ञानिक |
| | रातभरि हुरी चल्यो | सामाजिक यथार्थवादी |
| | शत्रु | मनोवैज्ञानिक |
| | हारजित | मनोवैज्ञानिक |

माथिको तालिकामा दिइएका निर्देशित क्षेत्र पाठहरू र तिनले प्रतिनिधित्व गरेको क्षेत्रलाई हेर्दा कक्षा एघारको नेपाली पाठ्यपुस्तकका छनोटमा परेका ५ वटा कथाका पाठहरूले पाठ्यक्रममा निर्देशित मूल क्षेत्र (आधुनिक कथा अन्तर्गत सामाजिक र मनोवैज्ञानिक) लाई प्रतिनिधित्व गरेको पाइन्छ । पाठ्यक्रममा आधुनिक कथाअन्तर्गत सामाजिक र मनोवैज्ञानिक कथाहरू परेता पनि पाठ्यपुस्तकमा समावेश गरिएको पहिलो 'छिमेकी' कथा सामाजिक यथार्थसँग सम्बन्धित रहेको पाइन्छ ।

दोस्रो कथा 'मधुमालतीको कथा' पौराणिक जस्तो लागेता पनि मनोवैज्ञानिक विषयवस्तुमा आधारित कथा भएकाले विद्यार्थीहरू दोधारमा पर्नुका साथै कथा एकदमै लामो पनि भएको हुनाले यस्ता कथा छनोट योग्य नहुने देखिन्छन् । 'रातभरि हुरी चल्यो' कथा पनि निर्देशित क्षेत्रभन्दा भिन्न सामाजिक यथार्थतालाई समेट्ने कथाभित्र पर्दछ । यस क्षेत्रअन्तर्गतको छिमेकी कथा हुँदाहुँदै यो कथा छनोट गर्नुको कुनै औचित्य नहुने देखिन्छ ।

‘शत्रु’ र ‘हारजित’ दुवै मनोवैज्ञानिक कथा रहेका छन् । अघिल्लो ‘मधुमालतीको कथा’ बालमनोविज्ञानमा आधारित थियो भने यिनमा सामान्य र शिष्ट मनोविज्ञानको बाहुल्यता रहेको पाइन्छ । ‘हारजित’ कथामा कसले कोसित हाऱ्यो र कसले कसलाई कसरी जित्न सफल भयो भनी केही अल्मलिन सकिने हुनाले कक्षा एघारका विद्यार्थीका लागि छनोट योग्य नहुने देखिन्छ ।

समग्रमा हेर्दा छनोटमा कथाहरूले निर्देशित क्षेत्रलाई समेटेका हुनाले कथा विधाको छनोट उचित नै देखिन्छ । ‘हारजित’ जस्तो कथा पठनबोध क्षमताका दृष्टिले कठिन भएको हुँदा यस्ता कथाहरूका सट्टा अन्य कथाका पाठहरू छनोट गर्न सके उचित हुने देखिन्छ ।

## ४.४ स्तरणका आधारमा कथा विधाको समीक्षा

सम्पूर्ण छनोट गरिएका पाठहरूलाई स्तरण गर्ने क्रममा कस्तो प्रकारको कथालाई सुरुमा राख्दा विद्यार्थीहरूलाई पढ्न रुचि लाग्नुका साथै बोधका दृष्टिले सरल हुन सक्छ भन्ने कुरालाई विचार गर्नुपर्ने हुन्छ । यसै आधारमा ग्रामीण समाजमा घट्न सक्ने यथार्थ घटनाहरूलाई विद्यार्थीहरूले सजिलै बुझ्न सक्छन् । त्यसैले उक्त पाठ्यपुस्तकमा सामाजिक कथा ‘छिमेकी’लाई स्तरण गरिएको देखिन्छ ।

कथाका पाठहरू राख्दा पनि कतै थोरै पाठको अन्तरमा राखिएको छ भने कतै बढी अन्तरमा राखिएको देखिन्छ । पाठ्यपुस्तकमा रहेका उन्नाइस वटा पाठहरू मध्ये दोस्रो, चौथो, दसौँ, तेह्रौँ र पन्ध्रौँ पाठमा कथाका पाठहरू समावेश गरिएको पाइन्छ । दोस्रो, तेह्रौँ र पन्ध्रौँ पाठको अन्तर मिले पनि चौथो र दसौँ पाठको अन्तर बढी भएको देखिन्छ । यसलाई पनि निश्चित अन्तरमा मिलाउन सके अझ राम्रो हुने देखिन्छ ।

## ४.५ छनोटका आधारमा निबन्ध विधाको समीक्षा

तालिका नं. ३

| निर्देशित क्षेत्र | पाठहरू | समेटिएका क्षेत्र |
|---|---|---|
| १) समाजिक | आइमाई साथी | सामाजिक (नारीप्रधान) |
| २) प्राकृतिक तथा वातावरणीय | भलादमी | सामाजिक (व्यङ्ग्यप्रधान) |
| | म फुल लिएर आउनेछु | देशप्रेम प्रधान |

<table>
<tr><td rowspan="2">३) कला कौशल तथा सौंन्दर्य<br>४) सांस्कृतिक तथा ऐतिहासिक<br>५) वैज्ञानिक तथा प्राविधिक<br>६) व्यावसायिक</td><td>आलु</td><td>सामाजिक (हाँस्यव्यङ्ग्य प्रधान)</td></tr>
<tr><td>खाद्य सङ्कट र जैविक विविधता</td><td>प्राकृतिक तथा वातावरणीय</td></tr>
</table>

माथिको तालिकामा दिइएका निर्देशित क्षेत्रअन्तर्गत पाठ्यक्रमले ६ वटा क्षेत्रलाई छुट्याएको पाइन्छ (गौतम, २०६१ : २००) । पाठहरूले पाठ्यक्रमले निर्देशन गरेका क्षेत्रलाई समेट्न सकेको पाइदैन । सामाजिक मूल क्षेत्रअन्तर्गत नारीप्रधान निबन्धका रूपमा 'आइमाई साथी' निबन्धलाई छनोट गरिएको पाइन्छ । समाजमा देखिएका यथार्थ समस्या, घटना र तिनले पुऱ्याउन सक्ने विभिन्न असरहरूलाई प्रष्ट पारेको छ । सामाजिक यथार्थसँग सम्बन्धित हुनुका साथै पठनबोध क्षमताका दृष्टिले सरल भएको हुनाले उक्त निबन्ध छनोट गर्नु उपयुक्त देखिन्छ । विचार प्रधान सामाजिक क्षेत्रलाई समेट्न सफल 'भलादमी' निबन्धले समाजमा विद्यमान खोक्रो आडम्बर प्रति तिखो व्यङ्ग्य प्रहार गरेको छ । उक्त निबन्ध भाषिक, शैली तथा स्तरगत क्षमताका दृष्टिले कठिन हुनाले छनोट योग्य नहुने देखिन्छ ।

'म फूल लिएर आउनेछु' निबन्धमा देशभक्तिको भावना व्यक्त हुनुका साथै नेपाली सभ्यताका बारेमा जोड दिइएको पाइन्छ । यसबाट विद्यार्थीहरूमा मातृभूमि वा देशभक्तिको भावना विकास हुने देखिएकाले उक्त निबन्ध छनोटमा पर्नु उपयुक्त नै देखिन्छ । हास्यव्यङ्ग्यात्मक निबन्धका रूपमा 'आलु' छनोट गर्नु उचित देखिन्छ । हाँसो सँगसँगै तिखो व्यङ्ग्य गर्दै सबैले आ-आफ्नो मौलिकता वा आफ्नोपनप्रति सचेत रहनु पर्ने कुरामा जोड दिनुका साथै सन्देशमूलक र समसामयिकताका दृष्टिले उक्त निबन्ध उत्कृष्ट देखिन्छ ।

प्राकृतिक तथा वातावरणीय क्षेत्र अन्तर्गत वस्तुपरक प्रबन्ध क्षेत्रलाई समेटेको 'खाद्य सङ्कट र जैविक विविधता' प्रबन्धले खाद्य सङ्कटले भोकमरी निम्त्याउन सक्ने कुरालाई प्रष्ट्याएको छ । यस्तो अवस्थाप्रति सचेत रहन र समस्या आइपरेमा समाधानका उपाय खोजी गर्ने गराउने क्षमताको विकासमा सहयोग पुऱ्याउन सक्ने उद्देश्य अनुरूप उक्त प्रबन्धको छनोट गर्नु उचित नै देखिन्छ ।

समग्रमा हेर्दा मूल क्षेत्र अन्तर्गत सामाजिक क्षेत्रलाई प्रतिनिधित्व गर्ने 'आइमाई साथी', 'भलादमी' र 'आलु' रहेका छन् भने निर्देशित क्षेत्रभन्दा बाहेक नारीप्रधान निबन्धका

रूपमा 'आइमाई साथी' रहेको पाइन्छ । यसै क्रममा 'म फुल लिएर आउनेछु' निबन्धले निर्देशित क्षेत्रलाई समेटेको पाइँदैन । सामाजिक मूल क्षेत्रअन्तर्गत विचारप्रधान व्यङ्ग्यात्मक र हास्यव्यङ्ग्यात्मक निबन्धका रूपमा भलादमी र आलु रहेका छन् । पाठ्यपुस्तकले अन्य निर्देशित क्षेत्रहरू (कला कौशल तथा सौंदर्य सांस्कृतिक तथा ऐतिहासिक, वैज्ञानिक तथा प्राविधिक र व्यावसायिक) लाई अपेक्षा गर्दै सामाजिक क्षेत्रलाई मात्र समेटेको देखिन्छ ।

वस्तुपरक निबन्ध वा प्रबन्धका रूपमा एउटा मात्र पाठ (खाद्य सङ्कट र जैविक विविधता) मात्र रहेको छ । अन्य ४ वटा आत्मपरक निबन्ध रहेका छन् । यसबाट आत्मपरक र विचार प्रधान निबन्धको बाहुल्यता रहेको पाइन्छ ।

समग्रमा हेर्दा ५ वटा निबन्ध मध्ये निर्देशित क्षेत्रअन्तर्गत छुटेका क्षेत्रहरू (कला कौशल तथा सौन्दर्य, सांस्कृतिक तथा ऐतिहासिक, व्यवसायिक, वैज्ञानिक तथा प्राविधिक) लाई पनि समेट्न सकेको भए उचित हुने देखिन्छ । ५ वटा मध्ये आत्मपरक निबन्ध चारवटा रहेका देखिन्छन् । त्यसमा पछि वस्तुपरक निबन्ध एउटा मात्र पर्नुको सट्टा कम्तीमा दुईवटा सम्म छनोट गरे उचित हुने देखिन्छ । यति हुँदाहुँदै पनि नारीप्रधान, देशप्रेम प्रधान निबन्धलाई छनोटमा राखेका हुनाले छनोट पक्ष उचित नै देखिन्छ ।

## ४.६ स्तरणका आधारमा निबन्ध विधाको समीक्षा

छनोट गरिएका निबन्धलाई स्तरण गर्दा सुरुमा नारीप्रधान निबन्ध राख्नु नारीप्रतिको प्राथमिकता ठहरिने हुनाले उचित नै देखिन्छ । निबन्धका पाठहरू राख्दा कतै थोरै पाठको अन्तरमा राखिएको पाइन्छ । पाठ्यपुस्तकमा राखिएका १९ वटा पाठहरूमध्ये तेस्रो, पाँचौं, आठौं, बाहौं र सोह्रौं पाठमा निबन्ध र प्रबन्ध समावेश गरिएको पाइन्छ । तेस्रो र पाँचौं पाठको अन्तर कम भए पनि आठौं, बाह्रौं र सोह्रौं पाठको अन्तर बढी रहेको पाइन्छ । यस्तो अवस्थामा आठौं, बाह्रौं र सोह्रौं पाठको अन्तर मिलाउनु पर्ने देखिन्छ । व्यङ्ग्यात्मक निबन्ध 'भलादमी' तेस्रो पाठमा रहेको हुँदा तुरुन्तै पाँचौं पाठमा हास्यव्यङ्ग्यात्मक निबन्ध नराखी अन्य पाठलाई राखे उचित हुने देखिन्छ । सरासर चारैवटा निबन्ध आत्मपरक राख्नु भन्दा बीचमा वस्तुपरक वा प्रबन्ध राख्नु उचित हुने देखिन्छ ।

## ४.७ छनोटका आधारमा रूपक विधाको समीक्षा

तालिका नं. ४

| निर्देशित क्षेत्र | पाठहरू | समेटिएको क्षेत्र |
|---|---|---|
| १) संवाद | - | - |
| २) वादविवाद | - | - |
| ३) वक्तृता | - | - |
| ४) एकाङ्की | १) नालापानीमा<br>२) बौलाहा काजीको सपना | एकाङ्की (ऐतिहासिक)<br>पूर्णाङ्की (नाटक) |
| ५) मनोवाद | - | - |

माथिको तालिकामा रूपक विधाअन्तर्गत निर्देशित क्षेत्रभित्र संवाद, वादविवाद, वक्तृता, एकाङ्की/नाटक, मनोवाद गरी ५ क्षेत्रलाई छानिएको पाइन्छ (पौडेल, २०६८ : १५९)। पाठहरूमध्ये एकाङ्की क्षेत्रअन्तर्गत नालापानीमा एकाङ्की छनोट गरिएको छ। उक्त एकाङ्कीले ऐतिहासिक विषयलाई समेट्नुका साथै नेपालीहरूको स्वाभिमान र देशभक्तिको उत्कृष्ट अभिव्यक्तिलाई व्यक्त गरेको देखिन्छ। मूल क्षेत्रअन्तर्गतकै पूर्णाङ्की नाटकका रूपमा रहेको बौलाहा काजीको सपना मार्फत् सामाजिक समस्याका साथै समाजको आर्थिक विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गरेको पाइन्छ।

समग्रमा हेर्दा रूपक विधाअन्तर्गत एकाङ्की र नाटकलाई मात्र छनोट गरिएको पाइन्छ। 'नालापानीमा' एकाङ्की साङ्गीतिक लयमा लेखिएको हुनाले पठनबोध क्षमताका दृष्टिले जटिल देखिन्छ। अभिनय कौशल शिल्पको विकासका निम्ति बौलाहा काजीको सपना नाटक छनोटमा पर्नु उचित देखिन्छ।

निर्देशित क्षेत्रअन्तर्गतका अन्य क्षेत्रलाई पाठ्यपुस्तकमा समावेश गरिएको पाइँदैन। एकाङ्कीका पाठहरू दुईवटा समेटिनुको सट्टा नाटक वा एकाङ्की मात्र छनोट गरेर अन्य संवाद, वादविवाद, वक्तृता, आदि क्षेत्रलाई पनि प्राथमिकता दिन सके उचित हुने देखिन्छ।

## ४.८ स्तरणका आधारमा रूपक विधाको समीक्षा

छनोट गरिएका रूपक विधालाई स्तरण गर्दा पहिले एकाङ्की र अन्त्यमा पूर्णाङ्की (नाटक) राखिएको देखिन्छ । यसबाट सरलबाट जटिलताको क्रम भने मिलेको देखिन्छ । पाठ्यपुस्तकमा राखिएका १९ वटा पाठहरू मध्ये सत्रौँ पाठमा एकाङ्की र उन्नाइसौँ पाठमा नाटक (पूर्णाङ्की) समावेश गरिएको देखिन्छ । यसबाट पाठहरूको अन्तर एकदमै कम रहेको पाइन्छ । यसलाई मिलाउनु पर्ने देखिन्छ ।

## ४.९ छनोटका आधारमा उपन्यास विधाको समीक्षा

तालिका नं. ५

| निर्देशित क्षेत्र | पाठहरू | समेटिएको क्षेत्र |
|---|---|---|
| सामाजिक | एक चिहान | सामाजिक |
| मनोवैज्ञानिक | | |

माथिको तालिकामा दिइएका निर्देशित क्षेत्रअन्तर्गत पाठ्यक्रमले सामाजिक र मनोवैज्ञानिक क्षेत्रलाई छुट्याएको पाइन्छ । यी क्षेत्रमध्ये पाठ्यपुस्तकमा सामाजिक क्षेत्रलाई प्रतिनिधित्व गरेको 'एक चिहान' उपन्यास छनोटमा परेको देखिन्छ । उक्त उपन्यासले सामन्ती समाजमा निम्नवर्गका मानिसहरूको दु:खद अन्त्य हुन्छ भन्ने भाव बोकेको देखिन्छ ।

समग्रमा हेर्दा एउटा सिङ्गो उपन्यासलाई परिच्छेदका आधारमा छुट्याएर पाठका रूपमा प्रस्तुत गरेको भएता पनि पाठ्यसामग्री भने सिङ्गो उपन्यास नै रहेको देखिन्छ । यसबाट परिच्छेद, परिच्छेद भन्दा पनि विद्यार्थीहरूसँग सिङ्गो उपन्यास हुन्छ । उपन्यास पढिसक्ता मात्र उपन्यासको मूल भाव वा सारवस्तु पत्ता लगाउन सकिने हुनाले परिच्छेद छुट्याइरहनु पर्ने आवश्यकता नै देखिँदैन । निर्देशित क्षेत्रअन्तर्गत रहेको मनोवैज्ञानिक क्षेत्रअन्तर्गत उपन्यास विधालाई ओझेलमा पारिएको देखिन्छ ।

## ४.१० स्तरणका आधारमा उपन्यास विधाको समीक्षा

उपन्यास विधालाई स्तरण गर्ने क्रममा परिच्छेद छुट्याएर पाठगत रूपमा राखिएको पाइन्छ । पाठ्यपुस्तकमा राखिएका १९ वटा पाठहरूमध्ये एकदेखि सोह्रौँ परिच्छेदसम्म सातौँ

पाठमा र सत्रौँदेखि एकतिस परिच्छेदसम्म चौधौँ पाठमा समावेश गरी स्तरण क्रम मिलाइएको पाइन्छ । सिङ्गो उपन्यासलाई परिच्छेदमा छुट्याइएको र पाठ अन्तर बढी भएकाले बोध क्षमताका दृष्टिले जटिल हुने देखिन्छ । त्यसैले एकीकृत स्तरण प्रक्रियाका आधारमा सिङ्गो उपन्यास एकै पाठमा राख्नु नै उचित हुने देखिन्छ ।

## ४.११ छनोटका आधारमा भाषातत्त्व विधाको समीक्षा

तालिका नं. ६

| निर्देशित क्षेत्र | पाठगत क्षेत्रहरू |
|---|---|
| १) शब्दवर्ग | नाम, सर्वनाम, विशेषण, क्रिया, नामयोगी, क्रियायोगी, संयोजक, निपात र विस्मयादिबोधक (पदवर्ग विचलन) पदक्रम |
| २) पद सङ्गति | लिङ्ग, वचन, पुरुष, आदर र वाक्यगत सङ्गति |
| ३) काल/पक्ष | भूत/अभूत, सामान्य, अपूर्ण, पूर्ण, अज्ञात र अभ्यस्त |
| ४) भाव/अर्थ | सामान्यार्थ, आज्ञार्थ, इच्छार्थ, सम्भावनार्थ र सङ्केतार्थ |
| ५) वाच्य | कर्तृ, कर्म र भाव वाच्य |
| ६) कारक/विभक्ति | कर्ता, कर्म, करण, सम्प्रदान, अपादान, अधिकरण (सरल-तिर्यक) |
| ७) वाक्य | - संरचनागत (सरल, मिश्र, संयुक्त वाक्य)<br>- कथनगत (अप्रत्यक्ष-प्रत्यक्ष)<br>- ध्रुवीयता (करण र अकरण)<br>- वाक्यसङ्क्षेपीकरण<br>- वाक्य संस्लेषण (वाक्यान्तरण) |
| ८) शब्द निर्माण प्रक्रिया | - समास, उपसर्ग, प्रत्यय, दित्व, सन्धि प्रक्रियाद्वारा शब्द निर्माण प्रक्रिया<br>- अक्षर र शब्दको पहिचान, प्रकार र कार्य<br>- शब्दलाई अक्षरमा विभाजन |
| ९) वर्णविन्यास | - तत्सम, तद्भव र आगन्तुक शब्दको वर्ण विन्यास<br>- ह्रस्व दीर्घ सम्बन्धी वर्णविन्यास<br>- हलन्त, अजन्त सम्बन्धी वर्णविन्यास<br>- पदयोग पदवियोग सम्बन्धी वर्णविन्यास<br>- लेख्यचिह्न सम्बन्धी |

माथिको तालिकामा कक्षा ११ को नेपाली भाषा पाठ्यक्रमले निर्देशित गरेको क्षेत्र पाठगत क्षेत्रहरूको प्रतिनिधित्वलाई हेर्दा भाषातत्त्व वा व्याकरणको छनोट उचित नै देखिन्छ । पाठ्यपुस्तकमा व्याकरणलाई सैद्धान्तिक सूत्रहरू धोकाउने भन्दा पनि प्रयोगात्मक ढङ्गले शिक्षण गर्ने उद्देश्य अनुरूप प्रत्येक विधागत पाठसँग सम्बन्धित गरेर पाठगत अभ्यासपछि क्रमशः राखिएको पाइन्छ । यसबाट पाठ्यपुस्तक विधिबाट व्याकरण सिकाउने नयाँ पद्धतिको थालनी गरिएको देखिन्छ ।

समग्रमा हेर्दा वर्ण विन्यास सम्बन्धी ब/व, श/ष/स, ङ/ञ/ण/न/म शिरविन्दु, चन्द्र विन्दु आदिको प्रयोग सम्बन्धी नियमलाई देखाइएको पाइँदैन । अन्य सबै क्षेत्रलाई पाठ्यपुस्तकमा समावेश गरिएकै देखिन्छ ।

## ४.१२ स्तरणका आधारमा भाषातात्त्व विधाको समीक्षा

भाषातत्त्व विधाको स्तरण गर्ने क्रममा पहिलो पाठमा वर्णको पहिचान, दोस्रो पाठमा अक्षरको पहिचान राख्नु उचित नै देखिन्छ । तेस्रो र चौथो पाठमा शब्दको पहिचान/बनोट नराखी शब्दवर्ग राखेर पाँचौँ पाठमा मात्र शब्दको पहिचान छैटौँमा बनोट राख्नाले सरलबाट जटिलताको क्रम भङ्ग भएको देखिन्छ । विद्यार्थीहरूको रुचि, क्षमता र स्तर अनुसारका उदाहरण परिभाषा र स्पष्टीकरण समेत प्रस्तुत गरिएकाले स्तरणको अवस्था मध्यम स्तरको रहेको देखिन्छ ।

## ४.१३ छनोटका आधारमा शब्दभण्डार र विधाको समीक्षा

तालिका नं. ७

| | निर्देशित क्षेत्र | पाठगत क्षेत्रहरू |
|---|---|---|
| १. | शब्दभण्डार | - |
| | क) पर्यायवाची शब्द | - |
| | ख) विपरीतार्थी शब्द | - |
| | ग) अनेकार्थी शब्द | - |
| | घ) श्रुतिसम भिन्नार्थक शब्द | - |
| | ङ) सिङ्गो शब्द | - |
| | च) सङ्क्षिप्त शब्द | - |

| | | |
|---|---|---|
| | छ) लघुतावाची शब्द | - |
| | ज) पारिभाषिक तथा प्राविधिक शब्द | पारिभाषिक तथा प्राविधिक शब्द |
| २ | उखान र टुक्का | - |

## ४.१४ स्तरणका आधारमा शब्दभण्डार विधाको समीक्षा

शब्दभण्डार विधा अन्तर्गत कक्षा दससम्म पर्यायवाची, विपरीतार्थी, अनेकार्थी, श्रुतिसम भिन्नार्थी, सिङ्गो शब्द, सङ्क्षिप्त शब्द, लघुतावाची शब्द राखिएको छ भने कक्षा ११ मा यी सबै क्षेत्रका शब्दहरूलाई समेटिएको पाइँदैन । पाठका अभ्यास खण्डमा पर्यायवाची र विपरीतार्थी शब्दहरूको अध्ययन गराइएको देखिन्छ । पारिभाषिक तथा प्राविधिक शब्दहरू अन्तर्गत साहित्य, कानुन, प्रशासन, उद्योग, व्यापार, शिक्षा, सञ्चार, विज्ञान प्रविधि, कृषि, वन, चिसित्सा, इन्जिनियरिङ जस्ता क्षेत्रका शब्दहरूलाई राखिएको छ । यिनीहरूको क्रम र विस्तार विद्यार्थीको स्तर अनुसारको पाइन्छ ।

# अध्याय - पाँच

# निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

उच्च माध्यमिक शिक्षा परिषद्अन्तर्गत कक्षा ११ को अनिवार्य नेपाली विषयको 'सबैको नेपाली' पाठ्यपुस्तकमा प्रयुक्त विधाहरूको छनोट तथा स्तरणको अध्ययनबाट निम्नलिखित निष्कर्ष निकाल्न सकिन्छ :

- पाठ्यपुस्तकमा समाविष्ट पाँच वटा कवितामध्ये चारवटा गद्यलयमा लेखिएका छन् भने एउटा कविता मात्र गीति लयमा लेखिएको देखिन्छ । 'मानुषी' नारीप्रधान कविता समाविष्ट गरेर नारी चेतनालाई तिख्खर बनाउने प्रयास अनुरूप छनोट गरिएको पाइन्छ ।

- कविताको स्तरणका क्रममा राष्ट्रप्रेमले ओतप्रोत भएको कविता 'नेपालै नरहे' सुरुमा राखिएको पाइन्छ । पाठहरूको अन्तर भने कुनैको कम र कुनै पाठको बढी रहेको पाइन्छ ।

- कथाको छनोटका क्रममा सामाजिक तथा मनोवैज्ञानिक निर्देशित क्षेत्रअन्तर्गतका कथाहरू नै समावेश गरिएको देखिन्छ । सामाजिक भित्र यथार्थता र मनोविज्ञानमा पनि बालमनोविज्ञानको प्रतिनिधित्व गरेका कथाहरू समेटिएका देखिन्छन् । त्यसमा पनि सङ्ख्यात्मक रूपमा मनोवैज्ञानिक कथाहरूको बाहुल्यता बढी देखिन्छ ।

- कथाका पाठहरूको स्तरण गर्ने क्रममा 'छिमेकी' कथा दोस्रो पाठमा राखिएको पाइन्छ । उक्त कथा सामाजिक घटनासँग सम्बन्धित सरल, सहज रूपमा बुझ्न सकिने भएको हुनाले सुरुमा राख्नु उचित देखिन्छ ।

- सरलबाट जटिलको क्रममा मिलाउँदै सामाजिक त्यसपछि मनोवैज्ञानिक कथा रहेका देखिन्छन् ।

- निबन्ध विधाको छनोट गर्ने क्रममा आत्मपरक निबन्ध बढी छनोटमा परेका छन् । सामाजिक घटना समस्यासँग सम्बन्धित 'आइमाई साथी' नारीप्रधान निबन्ध छनोट

गर्नु उपयुक्त नै देखिन्छ । व्यङ्ग्यात्मक र हास्यव्यङ्ग्यात्मक दुवै निबन्धको छनोट गरेर वैज्ञानिक तथा प्राविधिक कलाकौशल तथा सौंदर्य जस्ता क्षेत्रलाई उपेक्षा गरिएको देखिन्छ । पाँचवटा निबन्धमध्ये चारवटा आत्मपरक निबन्ध समावेश गरिएको देखिन्छ । एउटा मात्र वस्तुपरक निबन्धका रूपमा समावेश गरिएको पाइन्छ ।

- स्तरणका क्रममा नारी प्रधान निबन्ध तेस्रो पाठमा राख्नु नारीप्रति प्राथमिकता ठहरिने हुनाले उचित नै देखिन्छ । अन्य पाठहरूको अन्तर भने केही बढी र कम रहेको पाइन्छ ।

- रूपक विधाको छनोटका क्रममा पाँचवटा निर्देशित क्षेत्रअन्तर्गतको एउटा क्षेत्रलाई मात्र समेटिएको पाइन्छ । पाठ्यपुस्तकमा अन्य (संवाद, मनोवाद, वादविवाद आदि) क्षेत्रहरूले पनि प्रतिनिधित्व गरे उचित हुने देखिन्छ । अभिनय कौशल शिल्प विकासका लागि एकाङ्की विधाको छनोट उचित नै देखिन्छ ।

- भाषातत्त्व विधा अन्तर्गतको छनोट उचित नै रहेको देखिन्छ । भाषातत्त्वका निर्देशित क्षेत्र (पदवर्ग, पदसङ्गति, काल, पक्ष, भाव (अर्थ) वाक्य, वाच्य, कारक/विभक्ति, शब्द निर्माण र वर्णविन्यास) लाई पूर्णरूपमा समेटिएको देखिन्छ । व्याकरणका सैद्धान्तिक सूत्रहरू घोकाउने भन्दा पनि प्रयोगात्मक ढङ्गले शिक्षण गर्ने गराउने उद्देश्यले प्रत्येक पाठसँग सम्बन्धित गरिएको पाइन्छ ।

- स्तरणका क्रममा भने एकीकृत र पृथकीकृत दुवै प्रंक्रियालाई अपनाइएको देखिन्छ । भाषातत्त्व विधाका पाठहरू पूर्णरूपमा रखीय पनि छैनन् र चक्रीय पनि छैनन् । तलमाथि पारेर राखिएकाले केही नमिल्दो देखिन्छ ।

## ५.२ सुझावहरू

प्रस्तुत अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा निम्न सुझावहरू प्रस्तुत गरिएका छन् :

- 'सबैको नेपाली' पाठ्यपुस्तकमा प्रयुक्त विधाहरूको छनोट गर्ने क्रममा कविता विधाको छनोट गर्दा निर्देशित क्षेत्रलाई समेट्नु पर्ने देखिन्छ ।

- कवितामा गद्यलयलाई मात्र समावेश गर्नुको सट्टा शास्त्रीय छन्दको पनि कुनै न कुनै कवितामा प्रयोग गरे रोचक हुने देखिन्छ । धेरै लामा कविता भन्दा छोटा कविता छनोट गर्नु उचित देखिन्छ ।

- कविताका पाठहरूको स्तरण गर्दा पाठअन्तर कम बढी भएकामा व्यवस्थित रूपमा बराबर गरे उचित हुने देखिन्छ ।

- कथाका पाठहरू छनोट गर्दा सामाजिक मनोवैज्ञानिक दुवै क्षेत्रलाई समान रूपमा समावेश गरे उचित देखिन्छ ।

- कथाका पाठहरू सरलबाट जटिलताको क्रमलाई उचित प्रकारले मिलाइनु पर्ने देखिन्छ ।

- निबन्धहरूको छनोट गर्दा सबै आत्मपरक मात्र नभएर वस्तुपरक निबन्धको पनि छनोट गर्नु उचित देखिन्छ ।

- संवाद, वादविवाद, वक्तृता, मनोवाद जस्ता क्षेत्रलाई उचित रूपमा समेट्नु पर्ने देखिन्छ ।

- उपन्यासलाई परिच्छेदमा छुट्याउँदा अघिल्लो परिच्छेदको क्रमिकतालाई भुल्न सकिने हुँदा उपन्यासको सारवस्तु पत्ता लगाउन कठिन हुन सक्छ । त्यसैले सिङ्गो उपन्यास नै समावेश गर्नु उचित हुने देखिन्छ ।

- भाषातत्त्व अन्तर्गतका क्षेत्रहरूलाई क्रमबद्ध रूपमा स्तरण गरिनु पर्ने देखिन्छ । व्याकरणहरू पाठसँग पूर्णरूपमा सम्बन्धित हुनु पर्दछ । जुन शीर्षकमा व्याकरण शिक्षण गरिन्छ त्यसैसँग सम्बन्धित अभ्यास मात्र गराइनु उचित देखिन्छ ।

- शब्दभण्डारको छनोट गर्दा एउटा मात्र क्षेत्र पारिभाषिक तथा प्राविधिक क्षेत्र भन्दा अन्य दुई तीन वटा क्षेत्रलाई समेट्न सके उचित हुने देखिन्छ ।

## ५.३ भावी अध्ययनका लागि सम्भाव्य शीर्षकहरू

- कक्षा ११ को अनिवार्य नेपाली विषयको पाठ्यपुस्तकमा प्रयुक्त कविता विधाको विश्लेषणात्मक अध्ययन ।
- कक्षा ११ को अनिवार्य नेपाली विषयको पाठ्यपुस्तकमा प्रयुक्त कथा विधाको विश्लेषणात्मक अध्ययन ।
- कक्षा ११ को अनिवार्य नेपाली विषयको पाठ्यपुस्तकमा प्रयुक्त निबन्ध विधाको विश्लेषणात्मक अध्ययन ।

## सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज (२०६७), **भाषा शिक्षण केही परिप्रेक्ष तथा पद्धति,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, माधवप्रसाद र रामप्रसाद गौतम (२०६५), **नेपाली भाषा र साहित्य शिक्षण,** काठमाडौँ : दीक्षान्त प्रकाशन ।

गौतम, रामप्रसाद (२०६१), **प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,** काठमाडौँ : दीक्षान्त प्रकाशन ।

ढकाल, शान्तिप्रसाद (२०६४), **भाषापाठ्यक्रम पाठ्यपुस्तक तथा शिक्षण पद्धति**, काठमाडौँ : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०६५), **नेपाली भाषा शिक्षण,** काठमाडौँ : एम.के.पब्लिसर्स एन्ड डिस्ट्रिव्युटर्स ।

पौडेल, टीकाप्रसाद र अन्य (२०६७), **नेपाली भाषा पाठ्यक्रम ; पाठ्यपुस्तक तथा शिक्षण पद्धति**, काठमाडौँ : जुपिटर प्रकासक तथा वितरक प्रा.लि. ।

पौडेल, नेत्रप्रसाद (२०६८), **नेपाली भाषा शिक्षण,** काठमाडौँ : पैरवी प्रकाशन ।

पौडेल, माधवप्रसाद (२०६७), **भाषापाठ्यक्रम पाठ्यसामग्री तथा शिक्षण पद्धति**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

बन्धु, खेम कोइराला र अन्य (२०६७), **नेपाली भाषा शिक्षण,** काठमाडौँ : कृष्ण बुक्स एन्ड स्टेसनरी ।

लामिछाने, यादवप्रकाश (२०५२), **नेपाली भाषा शिक्षण परिचय**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

वाग्ले, मनप्रसाद र लेखनाथ पौडेल (२०५७), **पाठ्यक्रम र मूल्याङ्कन**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, चिरञ्जीवी र निर्मला शर्मा (२०६४), **पाठ्यक्रम योजना र अभ्यास,** काठमाडौँ : एम.के.पब्लिसर्स एन्ड डिस्ट्रिव्युटर्स ।

ज्ञवाली, रामप्रसाद र अन्य (२०६७), **अनिवार्य नेपाली**, काठमाडौँ : भुँडीपुराण प्रकाशन ।